दायित्व
(सामयिक संकलन)

वर्ष २ | २०४५ पौष | अङ्क ६

प्रधान सम्पादक
लक्ष्मी पन्त

सह सम्पादक
तारा कार्की

प्रबन्धक
रामप्रसाद पन्त

सल्लाहकार
डा. मथुरा के. सी.

विशेष सहयोगी
कृष्ण बहादुर थापा

अन्य सहयोगीहरू
हेमलाल न्यौपाने
ठाकुर प्रसाद शर्मा
महेन्द्र पौड्याल

प्रकाशक
दायित्व परिवार

मूल्य रू. ५।–

के ?	कसको ?	कहाँ ?
कथा/संरक्षण कथा		
१ जङ्गलमा	गेडे माउपासान्ट (अनु. लक्ष्मी पन्त)	३
२ विवशतामा	मोती घिमिरे	५
३ एउटा अवशेष	राजेन्द्र कार्की	८
४ स्थापना	विश्वनाथ नेउपाने	९
५ नमेटिने छाप	गिरीराज पन्त	२२
संस्मरण/समालोचना		
१ अमावस्याको रात... ...	डा मथुरा के. सी.	३१
२ अखिल कविता	इन्द्रकुमार श्रेष्ठ 'सरित'	१८
यात्रास्मरण/विज्ञान		
१ यात्राका तीन अनुभव	राम प्रसाद पन्त	२५
२ सुपर सोनिक	राम चन्द्र बस्नेत	३५
कविता/गजल		
१ तिमी बाँची रहे	साबी पहाडी	१
२ तीन चोईटा–	युवराज नयाँ घरे	७
३ यो जिन्दगी	राम विक्रम थापा	१७
४ यथार्थता भिन्नै छ	पवन अधिकारी	२१
५ क्यामेराको	सुरेन्द्र जंग कार्की	२७
६ फेदरिको गोरथिया लारेका	फेदरिको (अनु. यज्ञी शर्मा)	३०
७ कविता	राजन प्र. तिमिल्सिना	३४
८ विच्छिप्त मन	महेन्द्र पौड्याल	४३
९ दुई मुक्तक	अजम्बर काङमाङ्ग	४३

सदस्यता दर रु. ४।–

सम्पादकीय–

- हाम्रा नीतिशास्त्रहरू भन्छन्– "साहित्य संगीत कला, विहीन साक्षात् पशु पुच्छ विषाणहीन" अर्थात् साहित्य, संगीत र कला नभएको व्यक्ति सिङ र पुच्छर नभएको साक्षात् पशु हो रे । यी कुराहरू समग्ररूपमा हुनै पर्ने हो भने त अधिकांश मानिसहरू पशुमा दरीएलान तात्पर्य त्यसो नभएर ती तीन मध्ये कुनै एक हुनु पर्छ भन्ने होला ।

- साहित्यलाई हामीले सामाजिक संस्कारको प्रत्यक्ष उद्घाटनमा समन्वय गर्न सक्छौं । यस अर्थमा प्रत्येक व्यक्तिको प्रत्येक संस्कारमा अप्रत्यक्षरूपमा भएपनि साहित्य संमिश्रण भएको हुन्छ । त्यसैले मनुष्य प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साहित्य देखि अलग हुन सक्तैन ।

- संगीत एउटा ध्वन्यात्मक प्रविधि हो । संगीतका धेरै पहेलुहरू छन् । प्रत्येक व्यक्तिका प्रत्येक ध्वनीलाई ध्वनिवेताहरूले विभिन्न रूपमा समूह विभाजन गरेका छन् । साहित्यलाई "कान्तासंमिततयोपदेशयुजे" भनेर संयोजन गरेर्ने संगीतलाई पनि कर्ण मधुरतासंग सम्बन्ध जोडिएको छ । त्यो लयात्मक हुनुपर्छ, कर्ण प्रिय हुनुपर्छ ।

- कलाका पारखीहरूले कलालाई चौसठ्ठी भागमा विभाजन गरेका छन् । यस अनुसार त कुनै पनि मानिस कलाबाट वन्चित हुन नपर्ने हो । चोर्नु, ढाँट्नु, छल गर्नु आदि कुरा पनि कलाभित्रै पर्छन् तर त्यो असाधारण हुनुपर्छ जस्को थाहै नपाइयोस । जस्तै– श्री कृष्णले गरेको चोरीलाई हामी कलात्मक मान्छौं ।

- साहित्य संगीत र कलाका कुरागर्दा संक्षेपमा हामी के भन्न सक्छौं भने साहित्य संगीत र कलाको कुनै एक अंश जुनसुकै व्यक्तिमा हुन सक्ने भएतापनि असाधारण चातुर्यताको कमीले गर्दा त्यो साहित्य साहित्य हुन सक्तैन । संगीत संगीत हुन सक्तैन र कला, कला हुन सक्तैन । त्यसैले साहित्य, नङ र मासुको एकात्मक सम्बन्ध राख्ने जीवन मूलक मानवीय यथार्थता हो ।

- यस अङ्क देखि दायित्वको स्वरूपमा एकाएक फेरबदल आएको छ । जस्बाट पत्रिकाको भविष्य अझ बढी समुज्वल हुन सक्ने आशा एवं विश्वास गरिएको छ । प्रबुद्ध वर्गलाई हाम्रो स्वागत छ– आउनुस् विभिन्न प्रकारका कोसेलीहरू लिएर । सेवा गरौं साहित्यको, चिरस्थायी राखौं दायित्वलाई ।

- अन्तमा श्री ५ महाराजाधिराज सरकारको ४४ औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा दायित्व परिवार मौसुफप्रति सुख समृद्धि सुस्वास्थ चिरायु एवं दीर्घ सुशासनको शुभ कामना अर्पण गर्दछ ।

***

मङ्गलगान

तिमी बाँची रहे अनन्त सम्म

–सावी पहाडी

उच्चहिमाल तिम्रो शीर ताज
भीर पाखा र कोदाली तिम्रो आत्मबल
नवरङ्गी इन्द्रेणी तिम्रो हार
बेशी भञ्ज्याङ देउराली तिम्रो पथ ।
तिम्रो दृढ र सत परिश्रमका
अनगिन्ती विकाशहरू
तिम्रो भक्तिको श्रोत बनेर
मङ्गलमय गीत गाईरहेका छन्
तिम्रो शीतल औ पवित्र उद्गारको
मर्म बुझेर
तिम्रा अथक प्रयासले कोरिएका
सही गोरेटोहरूमा हिड्न सक्ने
देशभक्तहरूको खाँचो भएको छ ।

तिम्रो जीवन
नेपाल र नेपालीको अभिन्न अङ्ग बनेको छ
तिम्रो भोक, थकाई, निद्रा र सुस्केरा
नेपालीको सुखदुखको सहायक भएको छ ।
जनताको छाप्रो छाप्रोमा
आशा र भरोसाको ज्योति दिने
एकछाक र एक सरो कपडाको लागि
भगीरथ प्रयासमा लागी रहने
प्राणी प्राणीका प्राणका सञ्चार
हे राजा !
तिमी बाँच अनन्त सम्म
युगानुयुग सम्म ।

मननीय कुराहरू:–

संतापाद् भ्रश्यते रूपं संतापाद् भ्रश्यते बलम् ।
संतापाद् भ्रश्यते ज्ञानं संतापाद् व्याधि मृच्छति ।।

– संतापले रूप नष्ट हुन्छ, संतापले बल नष्ट हुन्छ, संतापले ज्ञान नष्ट हुन्छ, संतापले रोग ल्याउँछ ।

विदुर नीति अ ४/४४

फ्रेन्च कथा

❋ जङ्गलमा ❋

—गेडे माउपासान्ट

मेयर खाना अगाडि राखेर बसिरहेको थियो त्यतिवेला कन्सटेबलले दुईजना बन्दीहरूलाई अगाडि ल्यायो । तिनीहरू सबै टाउन हलमा थिए । मेयरले खाना खाँदै एक पटक त्यही नेर बसेका अधबैंसे जोडीलाई हेर्‍यो ।

सेतो कपाल र रातो नाक भएको मानिस साहसी जस्तो देखिन्थ्यो । अर्को तिर आइमाई उत्साही देखिन्थी र राम्रो लुगा लगाएकी थिई ।

मेयरले कन्सटेबलसंग सोध्यो– यो सबै के हो ? कन्सटेबलले बयान गर्‍यो– सधैं जसो म आज पनि बाहिर गएको थिएं । म जङ्गलमा पहराको लागि ड्यूटी गर्न गएको थिएं । त्यति वेला मौसम सफा थियो । त्यहाँ ब्रेडल नाम गरेको केटोले अङ्गुर बारीमा काम गरिरहेको थियो उस्लाई मैले बोलाएं "होचेडुरा! जाउँ, हेर, जङ्गलमा एक सय भन्दा बढी ढुकूरका जोडीहरू छन् ।

उस्ले पनि त्यसै गर्‍यो । जब उ जङ्गलमा प्रवेश गर्‍यो उस्ले सुन्यो कि जङ्गलमा सुसेली हालेर गीत गाइरहेका जोडीहरू । जहाँ मानिसहरूलाई प्रवेश निषेध छ । मैले हात जोडेर भने तिमीहरूले अनाधिकार प्रवेश गर्‍यौ, यहाँ तिमीहरूको पद चिन्ह (पाइलो) छ । तिमीहरू चोर हौ, शिकार खेल्ने मान्छे हौ । मैले ती जोडीलाई तुरुन्तै गिरफ्तार गरें, तिमीहरूले आफ्नो गल्ती स्वीकार गर्नु भन्दा अगाडि । त्यो मानिस अन्दाजी साठी वर्षको र आइमाई पचपन्न वर्षकी थिई ।

मेयरले तिनीहरूलाई राम्रोसंग हेरेर पालैसंग सोध्यो– "तिम्रो नाम ? निकोला बियोरीयन । तिम्रो काम ? पेरीसमा बस्त्र विक्रेता । तिमीहरू जङ्गलमा के गरिरहेका थियौ ? केही पनि गरेका थिएनौं । उनीहरूले आफ्ना दुवै हातहरू सीधा तल झारेका थिए । के तिमीहरूलाई नगरको नियमहरू थाहा छैन? थाहा छैन सर । त्यसै तिमीहरू आयौ ? हो, सर । तिमीहरू आफूले आफैंलाई के सम्झिन्छौ ? केही पनि सम्झिन्नौ सर । तिमी तिम्री सह अपराधीलाई कहाँ भेट्यौ ? तिनी मेरी श्रीमती हुन् सर । तिम्रो श्रीमती ? हो, सर । तिमीहरू संगै पेरीसमा बस्दैनौं ? बस्छौं सर ।

त्यसो भए तिमीहरू पागल हुनुपर्छ किनभने विहानको दसबजे यस्तो घना जङ्गलमा के गरिरहेका

थियो ? वस्त्र बिक्रेता लाजले भुतुक्क भएको थियो । उस्ले विस्तारै भन्यो– यो उनले नै चाहेर भएको हो । मैले उन्लाई भनेको थिएं तर उनी मानिनन् ।

मेयर मुस्कुरायो तर उ अलिकति न्यायघाती जस्तो देखिन्थ्यो ।

वस्त्र बिक्रेताले उसकी श्रीमतीसंग भन्यो– तिमीले हामी दुबैलाई कहाँ पुऱ्याऱ्यौ ? तिमीले र तिम्रो काल्पनिक विचारहरूले गर्दा । अब हामीहरू हाम्रो पसल बेचेर अर्कै ठाउँमा जाउँला । मैले तिमीलाई यही नै भन्न सक्छु । श्रीमती वियोरीयनले आफ्नो लोग्नेलाई हेरिनन् ।

श्रीमती वियोरीयन उठिन् र भन्न लागिन्– हामी दुबै मूर्ख हौ सर । म एउटी गृहिणी हुँ । मलाई आशा छ तपाईले हामीहरूलाई घर जान दिनु हुनेछ । हामीलाई अदालतमा बेइज्जत गराउनु हुने छैन ।

धेरै समय अगाडि म एउटी केटी थिएं । मैले पहिलो पल्ट मेरो श्रीमानलाई भेटेकी थिए । आइत-वारको दिन थियो । उहाँ कपडाको व्यापारी हुनु हुन्थ्यो मैले कपाल बनाउने काम गर्थें । मलाई यी सबै कुराहरू हिजै भए जस्तो लाग्छ । मेरो एउटी साथी थिइन तिनले उहाँलाई यहाँ लिइ आउने गर्थिन ।

त्यसबेला हामी बेजन्समा थियौं । त्यहाँ राम्रो हावापानी थियो जस्तो कि तपाई भित्रभित्रै खुशी भएर कराउनु होला जस्तो थियो । ती समयमा म मूर्ख जस्तै जहाँ मन लाग्यो जान्थे र पागल जस्तै जे मन लाग्यो त्यही गर्थें । मैले त्यसबेला पनि गरें र अहिले पनि गर्छु । विशेष गरेर आफ्नो देशमा । हरियो घाँसहरू, चराहरू, आकाशमा उडिरहेका गौथलीहरू यी सबै हाम्रा टाउको माथिबाट जान्थे, जस्तो कि–रक्सी घाटीबाट जान्छ । अहो ! यस्तै रमाइलो घाम लागेको थियो जस्तो कि तपाईको शरीरमा तपाईको आँखा र मुखबाट सूर्यको किरण प्रवेश गरेको जस्तो लाग्दथ्यो । यिनको अनुहारले मलाई आकर्षित गऱ्यो । त्यतिबेला म श्रीमान संगै केही नबोली हिंडिरहेकी थिएं । त्यतिबेला उहाँलाई मैले कातर जस्तो देखें । मलाई त्यस्तो चाल देखेर खुशी लाग्यो । त्यसपछि हामी जङ्गलमा गयौं । त्यहाँ अलि ठण्डा थियो ।

हामी घाँसमा बस्यौं । त्यहाँ रोज र उनकी केटी साथीले ठट्टा गरे । अनि उनीहरूले एकले अर्का-लाई चुम्बन गर्न लागे । त्यसपछि हामीले उनीहरूले सुसेलेको आवाज मात्र सुनिरह्यौं । एकछिन पछि तिनीहरू एक शब्द नबोलीकन उठेर नजीकको झाडीमा पसे । म यो केटासंग आफूलाई एकदम मूर्ख सम्झिन्छु किनकि यस्ले कुरा बुझ्दैन । म यस्लाई यो भन्दा अगाडि देखेको जानेको थिइन ।

यो के साँचो कुरा हो वियोरीयन ?

वियोरीयनले मेयरको खुट्टामा एकछिन हेरी-रही । र भनी– हो सर, त्यसपछि उ प्रत्येक आइत-वार आउने गर्थ्यो । उस्को म संग लभ थियो सर अनि मेरो उ संग ... ... । ती दिनहरूमा उ राम्रै थियो । यो लामो कथा सकिएपछि हामी-हरूले सेप्टेम्बरमा विवाह गऱ्यौं र पेरीसमा पसल थाप्यौं ।

बितेका वर्षहरू हाम्रो लागि कठिन थिए । व्यापार पनि राम्रो थिएन । केही समयपछि हामी घुम्न निस्क्यौं । हामीले अरू कामहरू पनि गर्नुथियो ।

(बाँकी ३८ पेजमा)

विवशतामा बाँचेको जिन्दगी

–मोती घिमिरे

उज्यालो नहुँदै विनोद जुरुक्क उठ्यो आफ्नो गरीबी प्रदर्शन गरिरहेको झुत्रो सिरक पन्छाउँदै। कहिल्यै हर्षको आभास नपाएको विनोद प्रवेशिका परीक्षामा उत्तीर्ण भएकोमा कता कता आफूलाई हर्षित ठानेको छ। उसको सहपाठी हर्केले डाक्टरी पढ्ने रे अनि रामे इन्जिनियरिङ। उनीहरूको डाक्टर र इन्जिनियर बन्ने लक्षसंगै आफूलाई पनि लाक्षित गर्न चाहन्छ ऊ। तर विचरा विनोद प्रतिभाको धनी भएर पनि आर्थिक विपन्नताले गर्दा आफ्नो प्रतिभालाई पनि आर्थिक विपन्नताकै सामानान्तरमा राख्न बाध्य हुन्छ ऊ।

उसका विगत दिनहरू निकै दुःखमय थिए– गरीबीको कारणले। डाँडा माथिको घाम जस्तै भैसकेका उसका आमा बाबु केही गर्न क्षमताका छैनन्। यतिन्जेल त उ आफै निमेक गरी वरी गाउँकै स्कूलसा धाउने गर्थ्यो। अब क्याम्पस पढोस भने घर छोडेर टाढाको शहरमा जानु पर्थ्यो। त्यहाँ जाने उसले कल्पना सम्म गर्न सक्दैनथ्यो। निमेक गरेर साँझ बिहानको छाक टार्ने उपाय भेटाए मात्र ठूलो विजयको आभाष पाउने विनोद कहाँ दुःख कष्ट र जिन्दगीका यातनाहरूलाई गरीबीको आँसुको तप्का भित्र लुकाउँदै बाँचेको विनोद क्याम्पस पढेर डाक्टर बन्ने कल्पना गर्न सक्दैन उसले। शहर जावोस गरीबी भित्र बाँचेका बाबु आमाको, दुब्ला अनुहार र आफू बाहेक अरू कोही छैन दुःख देख्ने। गरीबीको अगिल्तिर महान बन्ने प्रतिमा पनि संकुचित पार्न बाध्य हुन्छ उ। उसको बालक कालको डाक्टर बन्ने सपना आर्थिक विपन्नताको अंध्यारोमा हराएर जान्छ। बरू उ अब दैनिक छाक सजिलो गरी टार्ने विकल्पको खोजीमा लाग्छ।

उसले गाउँका धेरै साथीहरू विदेश गएर प्रशस्त धन कमाएर ल्याएको देख्छ। मान्छेको इच्छा र चाहनाले मात्र के हुने रहेछर? समय र परिस्थितिले जता मडार्छ उतै जान पर्दो रहेछ। कहाँ डाक्टर बन्ने सपना लिएको विनोद गरीबी बाध्यता र विवशताको कारणले पढ्न छोडी नोकरी गर्ने तरखरमा लाग्छ। आफ्नै देशमा रहेर सेवा गर्ने विचार गर्छ। तर कहीं केही सेवा गर्ने मौका पाउँदैन आफ्नो पहुँच केही पुग्दैन कहीं पनि। अन्तमा आफ्ना गाउँले दाजु भाई जस्तै उ पनि विदेश गएर धन कमाएर ल्याउने निर्णयमा पुग्छ। आफू विदेश (लाहुर) जाने प्रस्ताव

आमा बाबु समक्ष राख्दछ । बाबु आमा भन्छन्– "विनोद हाम्रो बुढेसकाल लागी सक्यो । आज होकि भोली भन्ने भैसक्यो । हाम्रो रेखदेख गर्ने तिमी नै हौ । यस्तो अवस्थामा छोडेर तिमी कहाँ जान्छौ बाबु ? भैगो जसो तसो छाक टारौंला बुढेसकालमा हामीलाई छाडेर कहीं नजाउ । विदेशमा गएर भेंडा बाख्रा जस्तो भएर अर्काको गुलामी गरेर टन्न एक पेट खान भन्दा स्वदेशमै बरु आधा पेट खानु राम्रो ।" विनोद इच्छा र रहरले विदेश जान चाहेको त कहाँ हो र ? विदेश भन्दा उसलाई त्यसै त कति नमिठो र नरमाईलो लाग्ने त्यसैमा झन् बाबु आमाको दुःख पूर्ण शब्दहरू सुन्दा उसको आत्मा नै चिरिएको छ, हृदय त्यसै जलिरहेको छ ।

मनमा जे जस्तो दुःख र दर्द भएपनि उ आफ्नो गरीबीको बाध्यता र विवशतालाई महसुस गर्दै मनमा दुःख बोकेर उ आफ्नो बाबु आमालाई सान्त्वना दिदै भन्छ– ... बुबा म विदेश गए पनि छिटै तपाईको काखमा फर्कनेछु । स्वदेशमा बसेर नोकरी पाउने भए बुढेस कालमा आमा बाबुलाई छोडेर जानु पर्ने थिएन । पीर नमान्नुस बुबा म छिटै फर्कने छु ।" उस्को बुबाले लामो सास फेर्दै "त्यसो भए के भनु त बाबु, हामी बूढा बूढीलाई संधै हेरी राखे, माया नमारे भन्दै छोराको प्रस्तावमा स्वीकृति जनाउँछन् धन ल्याउने छ र गरीबीपनबाट मुक्ति पाइनेछ भन्ने आशामा ।

विचरा विनोद आफ्नो मातृभूमिको पवित्र स्थल, हरिया वन जङ्गल र प्राकृतिक सौन्दर्यलाई केही दिनको लागि माया मारी आफ्ना वृद्धावस्थाका बाबु आमालाई छाडेर हृदयमा वेदनाका लहरहरू बोक्दै अगाडि बढ्न नचाहने गोडालाई पनि जबरजस्ती अगाडि सार्दै त्यो उकाली ओह्रालीमा सुई–सुई थकाइ को सुस्केरा फेर्दै अग्ला हरिया चुचुराहरू, भरिला समथर मैदानहरू, खोला र नदीहरू अनि थुप्रै थुप्रै गाउँहरू नाघेर वृद्ध बाबु आमा र मातृभूमि भन्दा धेरै टाढा विरानो मुलुकमा धन कमाउने बाध्यताले उ " लाहुरे " हुन पुग्दछ । विदेशको विशाल शहर मान्छे मान्छेको विशाल भिडको बीचमा आफूलाई पाउँदा पनि उ एक्लो अनुभव गरिरहेको हुन्छ त्यसै त्यसै भौतारिए ।

उ अनुभव गरिरहेको हुन्छ– हरे ! लाहुरे जीवन कस्तो ? लाहुरेको कर्म कस्तो ? आदि प्रश्नले उसको मनमा एउटा हुरी ल्याइदिन्छ । हो, म माव होइन म जस्ता कैयौं नेपाली दाजु भाईहरू आफ्नो मातृभूमिको पवित्र स्थल स्वच्छ निर्मल सलसलाउँदो नदी नालाको आवाज चराचुरुङ्गीको मधुर स्वर आदि प्राकृतिक सौन्दर्यलाई माया मारी आफ्नो वृद्धवस्थाका ममतामयी बाबु आमालाई छोडी उ विदेश लाग्छ ।

विनोद लाहुर गएको १ वर्ष भैसक्यो । यता विनोदको बुबा सिकिस्त बिरामी परे । धन कमाउन गएको छोरो न चिठ्ठी आउँछ न खबर विचरा बाबु उनीसंग दवाई गर्ने पैसा पनि छैन । काम गरेर खाने बल पनि छैन कहिले छोरा आउँला र बिरामी निको हुँला भन्ने आशले छोराको आउने बाटो, कुरिरहेका हुन्छन् । उनी झन् झन् बिरामी पर्छन् ।

बिचरा विनोद घरमा आउने चाहना हुँदा हुँदै पनि छुट्टि पाउँदैन। मानौ उसलाई २४ घण्टा पनि महिना जस्तो भैरहेछ र दिन पनि रात झैं। यता बुबालाई रोगले झन् झन् च्याप्दै लाग्छ। शायद अब उनको एउटै मात्र अन्तिम ईच्छा छ विनोदलाई देख्ने। यत्तिकैमा विनोदलाई बाबु तर्फबाट कसैले लेखिदिएको चिठ्ठी आउँछ उ खुशीले गदगद हुन्छ। चिठ्ठी खोलेर पढ्न थाल्छ। त्यसमा केवल केही हरफ मात्र लेखिएको हुन्छ–

प्यारो छोरा विनोद !

तिमी गएको धेरै भैसक्यो ... ...हामी तिम्रो प्रतीक्षामा छौं। ... ... यदि तिमीले केही दिन ढीला गऱ्यौ भने ... ...

तिम्रो माया गर्ने बाबु

विनोद चिठ्ठी पढ्नासाथ पागल जस्तो हुन्छ हातखुट्टा काँप्न थाल्छन्।

पुष माघको जाडोको वेला विहानीलाई डपक्क छोपेको हुन्छ। चिसो हावा चलिरहेको हुन्छ।

मातृभूमि संग लामो समयको विछोड पछि विनोद विदाको नौलो अनुभूति लिएर हरिया डाँडा काँडा र गाउँमा बस्दा साइली माइलीसंग डुलेका एकान्त ठाउँहरू सम्झँदै आफ्ना प्यारा बाबु आमा-लाई भेट्ने तीव्र इच्छा राख्दै झोला गुण्टा लिइ लम्किरहेको हुन्छ।

उ घरमा मात्र के पुगेको हुन्छ देख्छ– आँगन भरी मलीन अनुहार लिएका मान्छेहरू। विनोद टक्क रोकिन्छ र पुनः पाइला अगाडि बढाउँछ। देख्छ, मृत शरीरलाई सेतो कपडाले ढाक्दै गरेको। विनोद एक्कासी मृत शरीरलाई झम्टेंदै चिच्याउन थाल्छ।

बुबा ... ... ! बुबा ... ... ! ! बुबा ! ! !

तीन चोइटा

–युवराज न्यौंवरे

(१) शहर

लाटोकोसेरो झ दिनमा
उँघिरहन्छ यो शहर
मध्यस्थताको अभावमा छटपटिएर
भुसको आगो झैं विद्रोहमा भित्र भित्र
सल्किरहन्छ यो शहर
रात पर्न पाउँदा नपाउँदै–
दोबाटोमा नै बलात्कृत हुन्छ यो शहर।

(२) राजधानी

पूर्वी भेगले राजधानीलाई
पश्चिमतर्फ देखाउँछ
पश्चिमी भेगले राजधानीलाई
पूर्वीतर्फ औंल्याउँछ
तर आजभोली राजधानी भने–
निरूद्देश्य कताकता बिरानो भइरहेछ
देशको 'उपनिवेश' राजधानी
कताकता पराई जस्तो लागिरहेछ

(३) एकान्त

मान्छे एकान्तमा रम्ने गर्छ
मान्छे एकान्तमा भुल्ने बहाना गर्छ
एकान्तमा हराएर मान्छे के के गरिरहन्छ,
तर
एकान्तले भने मलाई सर्वाङ्ग सुमसुमाएर
बलात्कार गरेको भान परिरहेछ
एकान्तले मेरो सतीत्व लुटे झैं अभाव भइरहेछ।

झापा, दमक, हाल काठमाडौं।

एउटा अवशेष कुसंस्कारको

–राजेन्द्र कार्की

शान्तिलाई आमाले एकै चोटी पटापट पिटिन् । तुच्छ गाली गरिन् । तर, उ केही बोल्न सकिन । उ टुलुटुलु मतिर हेरिरही मात्र, त्यसभन्दा बढी उसले केही गर्न सकिन । उ मेरी दाजुकी अथात भतिजी थिई । उसलाई घरमा सबैले हेला गर्थे, तर मलाई उसको ज्यादै माया लाग्थ्यो । उसलाई म कहिलेकाही मिठाई लगिदिन्थे तर उसले खान पाउदिन थिई । त्यो मिठाई उसको भाई सरोजले खोसेर खाइदिन्थ्यो र उनीहरूको झगडा शुरू हुन्थ्यो । हुनत म शान्तिलाई मात्र मिठाई दिन्नथें, सरोजलाइ पनि दिन्थे । तरपनि सरोजलाई शान्तिले खाएको देखि सह्य हुँदैन थियो । उरोजको लागि शान्ति एक प्रकारकी दुश्मन थिई । उनीहरू बीच हुन लागेको झगडालाई सम्झाई–बुझाई गरेर म साम्य तुल्याउथें । त्यसपछि शान्ति सन्तोषको स्वास फेरेर मेरो छेउ आउथी । तैपनि सरोज रहुन-जेलसम्म म उसलाई काखमा लिन्नथे । सरोज र उसकी आमा नभएको बखत मात्र उ मेरो काखमा आएर बस्थी । मेरो गाला सुमसुम्याउँदै उसको गाला जोडाउन लाग्थी । आखिर सरोज चित्त नबुझेपछि उसकी आमा अर्थात् मेरो भाउजूलाई रुंदै गएर पोल लगाउँथ्यो ।

शान्ति कहिलेकाहीं मेरो काखमा बसेकी मात्र के हुन्थी, उ घाँसको मूठा झैं पर पछारिन पुग्थी । उ रुन थाल्थी । जति उ रुन्थी, उति उसकी आमा उसलाई गाली गर्थिन र पिट्न थाल्थिन् । त्यस्तो कहालीपूर्ण वातावरण सृजना भएपछि म केही बोल्न सक्दिनथे । मनमनै सोच्थे कि, एउटी आमाले एउटी अबोध बालिका छोरीलाई बुझ्न सक्दिन् र एउटा छोरोलाई मात्र आड दिन्छिन् भने आखिर उनले नारी भएर नारीकै अपहेलना गर्छिन् । उनले अरूको त के कुरा आफ्नो वास्तविक अस्तित्व समेत बुझ्न सकेकी हुन्नन् । म त्यस्तै त्यस्तै कुराहरू सोच्थें मात्र, तर शान्तिको पक्षमा बहस र प्रतिवाद गर्न सक्दिनथे । शान्तिलाई एकदमै घृणित व्यवहार गरेको बारे भाउजूसंग मेरो धेरै पटक झगडा समेत भएको थियो । त्यसैले उनी मलाई कहिल्यै पनि देवर-को दृष्टि हेर्दिनथिन् । उनी मलाई केवल पल्लाघरे कान्छा नानीको हिसाबले हेर्थिन् ।

वास्तवमा शान्तिलाई उसकी आमा र भाईले कहिले पनि राम्रो दृष्टिले देख्न सक्दैनथे । आमाले भन्दा उसका बाबुले चाहिं केही हदसम्म बढी माया

(बाँकी ३७ पेजमा)

कथा

स्थापना

–विश्वनाथ नेउपाने

खास्टेको जात सार्की थियो र उसको पुरा नाउँ के थियो मलाई थाहा छैन । जहिले र जतिखेर पनि उसको काँधमा एउटा खास्टो अवश्य हुन्थ्यो । यसै कारणले उसलाई खास्टे भन्न सुरु भएको हुनुपर्छ । तर कसले उसलाई खास्टे भन्न सुरु गऱ्यो, कहिलेदेखि उसलाई खास्टे भन्न थालियो र खास्टे नाउँले उ कहिलेदेखि प्रसिद्ध हुन थाल्यो यस बारेमा केही भन्न सकिँदैन । कति भने खास्टे नाउँको अलङ्कारले उ प्रसिद्ध भयो । स्कूल–कालेजका गाउँ–शहरका बालक, तन्नेरी र बुढा–पाका मानिसहरूले उसलाई राम्ररी चिन्दथिए– यो कुरा भने मलाई पनि राम्ररीनै थाहा छ । आखिर उ प्रसिद्ध भयो, कसको के लाग्दोरहेछ र । खेल खेल्ने हुँदा खेलको नाताले उ प्रसिद्ध भयो भनौं भने उ खेल्न जान्दैनथ्यो । सार्की जातको हुँदा स्वभावैले राम्रा राम्रा जुत्ता सिउन जान्दथ्यो भनौं भने कहिल्यै जुत्ता सिउने काम गर्दै गर्दैनथ्यो । कामको नाताले सबैले चिने भनौं भने पनि खेत–बारी बगैंचामा उसले कहिल्यै काम गरेको देखिएन । नाच्न, गाउन, बजाउन, जानेको हुँदा सबैले सजिलै चिने भनौं भने पनि नाच्न, गाउन, बजाउनमा उसको चाख छैंदै थिएन । तैंपनि उ प्रसिद्ध भयो– यो एउटा रहस्यलाग्दो विषय हुन गएको छ ।

मेरो र खास्टेको बीचमा पनि त्यसरी नै अप्रत्यासित परिचय हुन गएको वास्तविकता मलाई बराबर सम्झना भइरहन्छ । म छैटौं कक्षाको विद्यार्थी हुँदाको कुरा हो, उमेरले सानै थिए भन्नुपर्छ । देशका मुख्य मुख्य ठाउँहरूमा स्कूलहरू भरखर भरखर निर्माण हुँदै गएका हुनाले गाउँ–घरमा स्कूलहरूको स्थापना हुन सकेको थिएन । मेरो गाउँबाट स्कूल पुग्न डेडकोशको बाटो हिड्नु पर्थ्यो र स्कूलको समय बाहेक धेरै जसो समय म स्कूल आउने–जाने काममा लागिरहेको हुन्थिए । भनौं न, घडीको लंगुर आफ्नो परिवेश भित्र लगातार आउने जाने गरिरहन्छ । अथवा, घडीको लंगुरको काम यताबाट उता र उताबाट यता आउने जाने नै ठहरिएको छ । घर र स्कूलको बीचको बाटो निकै लामो छ, विद्यार्थी न हुँ,– हास्तै, गाउँदै, कल्पना गर्दै हिडिरहेकै बेला एक दिन एक्कासी करीब चवालिस, पैंतालिस वर्षको

अजङको मानिसले मलाई खेद्न थाल्यो। एक्लै कल्पनाका थरी थरीका रङ्गहरूसंग खेल्दै आनन्दले हिंडिरहेको थिए, हठात ती सबै मेरा दृष्टिबाट हराएर गए र म उसले लखेटताको त्रासदीमा परें, त्यस वेला विवसता बाहेक मसंग अरू के थियो र ? भागेर भए पनि प्राण बचाउनु पर्ने भयो। म भाग्न थालें। वायुवेगले भागेको थिए त्यसवेला। खेतका ठूला ठूला काँलाहरू त्यसै त्यसै फाल हाल्न थालें। म आफू भने सानै थिए, खुट्टाहरू छोटा र साना थिए र बल पनि अलिक थोरै मात्र थियो। उ भने अजङको डरलाग्दो मानिस थियो। दौडमा मलाई उसले भेटी हाल्यो। भाग्ने उपायबाट मैले उसका अगाडि आत्म-समर्पण गरें र उसका अगाडि नै ठिङ्ग उभिए। त्यस वेला मेरो अवस्था दयनीय थियो, किन भने कसरी मेरो रक्षा हुने हो, कुनै आवश्यक उपाय पत्ता लाउन सकेको थिइन। शारीरिक अवस्थाले म थर थर कामिरहेको थिए, मानसिक अवस्थाले भयभित थिए र बौद्धिक अवस्थाले कतैबाट सहायता पाउन नसकिने अवस्था र निर्जन ठाउँ भएकाले त्यस अजङको डरलाग्दो मानिसले जे पनि गर्न सक्छ भनेर सोच्तै थिए। तुरुन्ता तुरुन्ती मैले आफ्ना साथीहरूलाई सम्झिए, आफ्नो आमालाई सम्झिए र देवी थानको देवीको निश्चल कालो मूर्तिलाई सम्झिए। म बाघको अगाडि परेको असहाय सानो पोको जस्तै थिए, अथवा मेरो अवस्था त्यस मुसाको जस्तै थियो जसलाई बिरालाले हात पारेपछि आफ्नो इच्छा अनुसार खेलाइ रहन सक्छ।

मैले खास्टेको अनुहारमा हेरें। कठोर मुद्रामा उभिएर उसले पनि मलाई ट्वाल्ल हेरिरहेको रहेछ। उसको अनुहारमा ठूला ठूला देखिने आँखा, नाक, मुखमा मायाको कुनै आभास सम्म भएको विश्वास भएन मलाई। उसले अब हात बढाउँछ, फटाफट गालामा हिर्काउँछ, कान निमोठ्छ, अब गर्छ, अब गर्छ, भनेर म उसका हात तिर हेर्दै थिए। कता कताबाट मलाई रुने मन लागेर आएछ। मुटुबाटै भक्कानो फुटेर आएको दुखद अनुभूतिलाई सुनाइ जस्तै लामो लय हालेर म रुन थालें।

तर घटना त्यस किसिमले गम्भीर भएन।

"लौ हेर साँना ता"– भनेर खास्टे पुरा बीडनै हल्लाएर हाँस्न थाल्यो। हास्ता पनि उसको मुखका दुवै पट्टि छेउबाट गाजे गाजको सेतो थुक गिज गिज निस्किरहेको थियो र सेता दाँतका लहरहरू थुकै थुकले चुलुम्म डुबेको थिए।

खास्टेले मलाई पाखुरामा समात्यो र हामी दुवैले पर छाडेको बाटो तिर दोहोऱ्याउछ लगेर भन्न थाल्यो– "साँना. कत्तिको बाठारहेछौ भनेर मैले तिमीलाइ खेदेको हुँ। तिमी भने धेरै डरायौ। बढो आँटिलो पो हुनु पर्छ साँना, यसरी डराउनु त हुँदैन।"

खास्टेले बढो मीठो शब्दमा मसंग कुरा गऱ्यो। म भने एकै छिन अघिको डर बिस्तारै बिस्तारै हराउदै जान लागेको हुदा हिक्क हिक्क गरेर जीवनको सामान्य अवस्थामा पुग्न खोज्दै थिए, सम्झौं कि छाल फर्केर गए पछि किनारको जमीनबाट बिस्तारै बिस्तारै पानी निखिएर जान्छ अनि जमीन आफ्नो स्वाभाविक अवस्थामा आउँछ। त्यसवेला सम्ममा खास्टे र म पहिले हामीले छोडेको बाटोमा आइसकेका

थियौं । उसले मलाई बडी प्रेमले मेरो जाने दिशातिर लगाइ दियो र आफू आफ्नो बाटोतिर लाग्यो ।

डर र प्रेमको अशुभ– शुभ घडीमा खास्टे र मेरो परिचय हुन गएदेखि उसको बारेमा केही जान्न मैले पनि जिज्ञासा राख्न थाले । स्कूलमा पढ्ने साथीहरूका गाउँमा पनि खास्टे पुग्दोरहेछ । एकदिन म फुपुको घर भएको निकै टाढाको गाउँमा गएको वेला फुपुका छोराले खास्टेको बारेमा कुरा गरे । बाटोमा आउँदा जाँदा निकै टाढाबाट पनि म उसलाई ठम्याएर चिन्न थाले । उसको एउटा के विशेषता थियो भने प्रत्येक पटकको भेटमा बालक बालिकाहरू-लाई कुनै न कुनै तरीकाले अवश्य तर्साउथ्यो । हरएक पटक उसले तर्साउदा मनमा तुरुन्तै डर उत्पन्न भएर आइहाल्थ्यो । परिचित बालक–बालिकाहरू त अलि-कति धैर्य पनि गर्न सक्थे, तर नयाँ बालक–बालिका-हरू चाहिं पहिलो जम्का भेटमै डरले जखम भएको अनुभव गर्थे । खास्टे कसैलाई कुटि–पिटिहाल्ने किसि-मको मानिस थिएन । बरु रून लागेका बालक–बालिकाहरूसंग "लौ हेर साँना ता"– भनेर हाँस्न थाल्थ्यो । गाउँमा खास्टे आउने वित्तिकै केटा–केटी-हरू बढो अनुशासित भएर बस्तथे । कतै दिदी भाइ वा आमासंग झगडामा लागेका छन् भने तिनीहरू पनि असल जातका जस्ता भएर चुप–चाप लाग्ने गर्दथिए । फुर्सतमा कुरा गर्न भेला भएका गाउँका स्वास्नीमानिसहरूसंग आमाले भन्नु हुन्थ्यो– "खास्टे कहाँ बस्छ, के खान्छ' कुनै दिन भागेको पनि थाहा छैन, बरु सबैलाई प्रसन्न बनाएर जान्छ ।"

खास्टेमा तीन किसिमका रमाइला सम्पतिहरू थिए । एउटा उसको शरीरको बनावट, दोस्रो लुगा लगाउने तरीका र तेस्रो बोल्ने, हाँस्ने, कुरा गर्ने र हिडडुल गर्ने तरीका प्रमुख मानिन्थे । उ शरीरको बनावटको हिसाबले अग्लो मानिस थियो र उसका हात खुट्टाहरू पनि त्यसरी नै ठूल ठूला थिए । निकै ठूलो टाउकाको अगाडि पट्टिबाट आधा कपाल झरेर गैसकेको थियो । आँखाहरू ठूल ठूला आखिभूइ मुनी ठूल ठूला नै प्रतीत हुन्थे । नाक सुलुत्त पर्दै टुप्पा पट्टि फुकेको थियो र नाकको सबै भाग प्रायः जसो सधै रातो भइनै रहन्थ्यो । पेट शमतल्ल उठेको, मानौं, घोप्ट्याएको डोको जस्तै थियो । उसले खाँडीका सफा सेता दौरा सुरुवाल कसिने गरी टन्न लगाउथ्यो र दौरा माथि खाँडी कै सेतो पटुका त्यसरी नै कसिने गरी बाँधेको हुन्थ्यो अनि पटुकामा छालाको दाव भएको खुकुरी भिरी राख्तथ्यो । काँधमा खाँडीकै सेतो खास्टो राख्तथ्यो र यो एकनासले काँधना अडयाइ राख्तथ्यो । कुरै कुरामा जोसिलो हुदा जीउ हल्लिएर खास्टाको स्थिति पनि अलिक नमिल्ने हुन आउथ्यो र खास्टे स्वभावत गफ पनि गर्दै गर्थ्यो, काँधको खास्टो पनि मिलाई हाल्थ्यो । शीरमा सेतै टोपी लगाउथ्यो । टोपी धेरै जसो पछाडि ढल्कने हुदा कपाल नभएको तालु निधार संगै मिसिएर वाली नहुने विशाल बाँझो पर्ती जस्तै देखिन आउथ्यो । उसकै नाता कुटुम्बले तयार बनाएर उपहारको रूपमा दिएका खस्रो भैंसीका छालाले निर्मित ठूला ठूला तुनावाल बुट जुत्ता उसले कहिल्यै छाडेको हुदैनथ्यो । यसो झट्ट हेर्दामा पनि उसलाई रमाइलो मानिस भन्न कर लाग्दथ्यो । उ जुन

गाउँमा प्रवेश गर्दथ्यो, त्यस गाउँमा उसको आगमनको खबर एकै चोटी सरसर्ती फैलदै जान्थ्यो । बुढा–बुढी तरुनी–तन्नेरी, बालक– बालिकाहरू एकले अर्कालाई "खास्टे आयो खास्टे आयो" भनेर कराउथे र खबर आफै आफ फैलदै जान्थ्यो, मानौं, जसरी वसन्तको आगमनमा हरियालीको छिटा आफै आफ एक रुखबाट अर्को रुख सर्दै जाने गर्दछ । खास्टे भने हात्ती हिडे जस्तै गरी गाउँको कुनै घरमा हाँस्तै, करस्उँदै, आवाज दिंदै आउथ्यो । घरमा बालक बालिकाहरू खाने कुरालाई लिएर झगडा गरिरहेछन् भने झगडा एक छिनका लागि बन्द हुन्थ्यो, लोग्ने स्वास्नी पैसाको घटबढमा झगडा गरिरहेछन् भने त्यो पनि बन्द हुन्थ्यो र रक्त चापको कारणले बुढा बुढीहरू चर्कंदै छन् भने सहजै त्यो पनि बन्द हुन्थ्यो अनि सबै प्रसन्न चित्तले घरको बाहिर पट्टि उभिइरहेका हुन्थिए, मानौं, खास्टेको स्वागतका लागि चिरकालदेखि उत्सुकता-पूर्वक उभिइरहेका छन् । खास्टेको नयाँ आगमन भएको हुनाले भनौं भने नयाँ आगमन भन्न पनि मिल्दैन थ्यो, उसको प्रत्येक आगमनमा सबै मानिसहरूमा त्यतिकै कौतुहलता बनिरहन्थ्यो, जसरी बसन्तको प्रत्येक आगमनमा बुटा– बुटी, ठूला साना रुखहरूमा आफै आफ सधै उस्तै उत्सुकता जागेर आउथ्यो ।

"पाउ लागी साहेब"– आउदा आउदै खास्टेले एकै चोटी सबैको अभिवादन गर्दथ्यो र मान मर्यादा अनि अरू कुनै सुविधाको आशा राख्तै नराखी भूइमा पलेटी मारेर थ्याच्च बस्थ्यो, मानौं उभिएर बसेका सबै मानिसहरू श्रोता हुन्, उ सभापति हो र सभा सञ्चालन गर्न उसले आसन ग्रहण गरिरहेछ । त्यति मात्र नभएर वास्तवमा खास्टेले नै केही न केही सुनाउन थाल्दथ्यो र सुनाउदै जाने क्रममा आफ्ना ठूल ठूला आँखा पिलिक्क पल्टाउथ्यो, ठूलो मुख बेसगरी खोलेर हाँस्थ्यो अनि हातहरू जोड जोडले हल्लाउथ्यो । हास्ता भने उसको मोटो शरीर उदेक लाग्दो किसिमले खात्ल्याङ खात्ल्याङ गरेर हल्लि-न्थ्यो । त्यस बेला खास्टेलाई हेर्दा हेर्नेहरूलाई पनि असिम आनन्दको अनुभव हुन थाल्दथ्यो र उनीहरूले आफ्ना साना तिना दुःखहरू त्यसै बिसिसकेका हुन्थिए । कुरा गर्दा गर्दै खास्टेले कसको घरमा खसी काट्दैछन्, कसकी छोरी पोइल गइ, कसको खेतमा धेरै धान फल्यो, को रोगी छ– असहाय छ, भन्दै गएको हुन्थ्यो र ठूला वडा मानिसहरूसंग के खस्याक–खुसुक गर्थ्यो त्यो भने साना बालक– बालिका अनि स्वास्नीमानिसहरूलाई कमै थाहा हुन्थ्यो ।

खास्टे एकै छिन पछि त्यस घरबाट उठेर जान्थ्यो र उ जाँदा सबैलाई यति विघ्न नरमाइलो लाग्दथ्यो, मानौं त्यस ठाउँमा अचानक कडा ठण्डी लाग्न सुरू भएको छ । उ खाने कुराका लागि र सुत्ने कुराका लागि कतै पखिएर बस्तैनथ्यो । अरूले खान लागेको ठाउँमा खास्टे पुग्ने बित्तिकै एक डल्लो खास्टे पनि खाएर जावस भनिहाल्थिए र अरूको सुत्ने वेलामा दलानको एक छेउमा खास्टे पनि सुतोस भनेर थाङ्ना थुङ्नी ओढने ओछयाउने दिइहाल्थिए । मालिकको जयहोस !! खास्टेले सधै यसरी कृतज्ञता ज्ञापन गर्दथ्यो र खाने वेलामा खान थाल्दथ्यो, सुत्ने वेलामा सुत्न थाल्दथ्यो ।

एकनासले खास्टे एक गाउँबाट अर्को गाउँ हिड्दै थियो, एकनासले किसिम किसिमका मानिसहरूलाई भेट्दै थियो र एकनासले सबैलाई रुवाउँदै–हसाउँदै थियो । म पनि शारीरिक रूपमा अलिक ठूलो हुँदै आएको थिए । कतैबाट भाग्यको भँगालाले मलाई हुत्याई दियो र म हुत्तिदै संसारका कुना काप्चा तिर पुग्न थालें । संसार प्रतिका अनुभवहरू बडो डरलाग्दो किसिमले गम्भीर हुँदै थिए । खेल्दै गरेका बालक–बालिकाहरू देखता मनमा निश्चय नै रमाइलो लाग्दथ्यो, तरुनी–तन्देरी अवस्थाको उत्कर्ष पूर्ण जीवनले मनलाई अन्योलमा पुऱ्याउथ्यो, तिलचामले कपाल देखिदा मुटु हल्लन थाल्दथ्यो र रुवा जस्तै सेतो कपालले त्यसै त्यसै जी उठ विरक्त लाग्दो हुँदै आउथ्यो । ताराहरू नितान्त टाढा छन्, ती के हुन्–के होइनन् । सर्लङ्ग सुकेको रूपमा कागहरू कराउँदै आएर बस्छन् अनि त्यसरी नै कराउँदै जान्छन् । बिन कराउछन् ती कागहरू, खाने कुरा खोज्ने कै क्रम हुनसक्छ । एउटा मुटु भित्र झुण्डयाएर एक्लै हिड्नु पर्छ, नितान्त एक्लै । हाटबजारको भिड भरिका मानिसहरू पनि नितान्त एक्लै छन्– एक्ला एक्लै विचारहरू, एक्ला एक्लै उम्मेदहरू, सघर्षका प्रारूपहरू–सबै एक्लै छन्, एक्लै । म पनि एक्लै छु । बाबु उहिल्यै बितिसकेको हुन् । आमालाइ उतै कता छोडेर आएको छु । पुराना साथीहरू किरिङ मिरिङ धर्साहरू हुँदै मेटिदै गएका छन् । सडकमा हिड्दै जानु पर्छ । अरू पनि हिड्छन् । सडकमा खापै खाप मानिसहरू देखिने गर्दछन् । सडकको छेउ छेउमा भने कोही घर बनाउन थाल्दछ अनि कोही भत्काउन थाल्दछ । जीवन चौंतारीको ठुटे पिपलको बोट सम्मको लाग्न थाल्दै थियो । थाकेर राती ओछ्यानमा लम्पसार हुने गर्दछु, खाली मानशपटमा खास्टे नै टिमिक टिमिक गर्दै आउछ । प्रवाशकाल भरि उसलाई पटक्कै बिर्सन सकेको होइन । किन खास्टे गाउँ गाउँमा हिडथ्यो ?–किन उ असंख्य मानिसहरूलाई भेट्तै हिडथ्यो ?– किन उ एकनासले मेहनत गर्दै हिडथ्यो? –उसलाई त्यसो नगरी नहुने किसिमले के बितेको थियो ?– उसका पनि स्वास्नी–छोरा–छोरीहरू हुँदा हुन्, घर हुदो हो, उसका पनि सपना हुँदा हुन् । तैंपनि उ हिड्छ, लगातार हिड्छ, किन हिड्छ ?– किन ?– यो कुरा कसलाई थाहा छ ?– सम्पूर्ण प्रश्नहरूका उत्तरको रूपमा खास्टेलाई बुझन निकै कठिन थियो । मानिस न्युनतम अवस्थाबाट माथि उठ्न थालेपछि आफ्ना घर करेसाहरू बिर्सन थाल्दछ र फैलदै क्षितिज सम्म पुग्छ, क्षितिज नाघ्न खोज्दछ अनि जाति–धर्मनिरपेक्ष भै ठूला साना आँगनमा पुग्न थाल्दछ । न्युनतम अवस्था नै यति सानो निकाय हो जहाँबाट मानिस बाहिर चिहाउन सम्म सक्तैन–थुनिन्छ । आफ्नो घर, आफ्नो खेत, आफ्नो फूलबारी उ यसै भित्र अलमलिन्छ, मानौं, कुबाको भ्यागुतो कुवालाई नै पूर्ण संसार ठानेर बसिरहेको हुन्छ । खास्टे आफ्नो घर करेसाहरू महिनौं छाडेर हिड्न सक्थ्यो आफ्ना स्वास्नी छोरा–छोरी मात्र नभनी जनताका साना ठूला घरदैलोमा हास्तै हिड्न सक्थ्यो । खास्टे एउटा पुल थियो जसले दुई विचारका मानिसहरूका बीच सम्पर्क स्थापना गर्न सक्तथ्यो अथवा खास्टे माला भित्रको लामो धागो थियो जसले किसिम

किसिमका अनगिन्ती मानिसहरूलाई जोड्दै हिड्थ्यो ।-मानौं,जसरी एउटा तसलामा तताउदै गरेको पानीको कण आफू ताते पछि आपनो जगतको अरू चिसो पानीका कणहरूलाई तताउदै हिड्ने गर्दछ ।

स्वाभाविक गतिले म सांसारिक दुर्दमनीयतामा डुब्दै गएं, उत्रदै गएं र तैरदै गएं । ठूला उत्पीडन-हरूले किच्याउदा विचारको घेरै तल पुगेर पिदमा भासिने गर्दथें । प्रकृतिसुलभ रूपवती नारीहरूको चर्मस्पर्शले भांसिएको ठाउँबाट उतारेर बहक्याउँदै लाने गर्दथ्यो–दुर्दमनीयताका कठिन चौकेहरू पनि त्यसै त्यसै नभएका जस्ता हुन्थे र प्रकृतिको वाहय सतहमा दुवै हात फैलाएर नाच्दै हिड्दा रिमझिम रिमझिम पानी परिरहेको वेला कल्पनाको सुन्दर नाउमा दङ्गपरेर तैरदै हिड्थे । यसरी नै लामो समयले खेलाएर गयो अन्यत्र लामो प्रवाश काल मैले भोगेर बिताएं । यसरी नै लामो समयले खेलाएर गयो अन्यत्र लामो प्रवाश काल मैले भोगेर बिताएं । बाक्नो कुहिरो भित्रका मानिसहरू जस्तै मेरा विचार-हरू पनि झवाट्ट निकलन खोज्थे र फेरि आफै आफू खजमजियर हराउँदै जान्थे । सिमित मानसपटमा अरू विचारको गति अलिक कम हुनासाथै खास्टेले लखेट्न थाल्थ्यो । लखेट्न पनि निर्ममतापूर्वक लखेट्-थ्यो र एक्कासी रुन थाले पछि मात्रै–"हगै हेर साना ता"– भनेर हाँस्न थाल्थ्यो । यही चरम र शुन्य समयमा उस प्रतिका अरु सम्पूर्ण गतिविधिहले सम्झ-नाको सिलसिलामा ह्वार ह्वार्ती पाउन थाल्दथिए ।" बडो आँटिलो हुनुपर्छ साँना, यसरी डराउनु हुदैन"– भन्ने ठाउँसम्म पुगेर मात्रै प्रसङ्ग बदलिन सक्तथ्यो ।

नियतिकै कुरा हो, मलाई एक पटक फेरि आफ्नो थलोमा फर्किएर आउनु पर्ने भयो । केही झिटिमिटि बोकेर म फर्किएर आई पनि हाले । माटाले पाइतालाको पुरानो स्वाद लिइ लिइ म्वाई खान थाल्यो । साना साना खोल्सीहरू मातिएर पैताला माथि चढन थाले । सुलुत्त उठेर माथि सम्म फैलदै गएका कडा दर्शन ढुङ्गाका पहराहरू लामो प्रतीक्षामा बसेको प्रतीत हुन्थ्यो । पुरानो झाडी तालु खुइलिएको भएर पनि अझै छदै थियो । बाटाको उकालो ओरालो– अलिक तलको बसन्तहरू बदल्दै पहिलेकै चालामा हिडिरहेको थियो । पारीका पाताहरू काँल्ला काँल्लामा पलेटी मारेर बसेका थिए । मुख भरी पानी हालेर काना काना पिच्च गर्ने बालकहरू जस्तै आङ भरी पानी बोकेर खेतका गराहरू पर पर फैलदै गएका थिए । न गाउँबाट निस्किएर जाँदा जन्मदै नजन्मिएका केटा-केटीहरू चौढा छातीमा रौ हालेर खुट्टा हल्लाउँदै कुरा गर्न आउने भैसकेका थिए । केटीहरू भने कुरा गर्नु पर्दा अर्को पट्टि फर्किएर मुख छोप्ने भैसकेका थिए । त्यस वेलाका अघवैसे मानिस-हरू कोही दाँत फुक्लेर खाली च्युडाले न्याम न्याम गर्ने भैसकेका थिए र कोही आफ्ना सुख दुःखको भोग सिध्याएर परमगति प्राप्त गरिसकेका थिए । प्रवाश-कालबाट गाउँमा प्रबेश गरेदेखिनै पुराना कुरा माथि दृष्टिपात गर्ने शौजन्यता पाइरहेकै थिए, सोध्ने–जवाफ दिने क्रम उपक्रम चलिरहेकै थियो, भेट गर्ने विदा हुने स्थिति आउँदै गर्थ्यो, तर मेरो कौतुहलको एउटा उत्कृष्टता कतै पछिइरहेको थियो । फर्किएको यत्तिका दिन पनि खास्टेको अन्तो पत्तो थिएन । खास्टे त्यसरी नै भङ्ल्याङ भङ्ल्याङ आउला, परैबाट हल्ला गर्दै आउला, बढो रहरलाग्दो किसिमले भूइमा बस्ला

र थरी थरीका कुरा गर्न लाग्ला भन्ने कुरा माथि म पूर्णतया विश्वस्त थिए । अरूलाई देखे सरह, अरूलाई भेटे सरह र अरूसंग सस्नेह बोलेसरह खास्टेलाई पनि देखिएला, खास्टेलाई पनि भेटिएला र खास्टेसंग पनि बोलिएला भन्ने बलियो कसार मैले पनि नवदारेको होइन । तर यो उम्मेदको कसार केही गरेर पनि चाख्न पाएको होइन । त्यस उम्मेद माथि बडो नराम्रो किसिमले तुसारापात भएको भएँ थियो ।

खास्टे सार्की यता आउँदैन भाइ हो"–गाउँका भाइहरूलाई मैले सोध्न बाँकी राखिन । भाइहरूले जवाफमा भने– "डेढ दुइ वर्ष भयो, खास्टे यता आएकै छैन ।

म आफू पनि छक्क पर्थे । आखिर खास्टे सार्कीले मेरो मानसपटमा किन त्यसरी गुंढ बनायो । देखे सुनेका कैयौं राम्रा नराम्रा अनुहारलाई मैले विसिसकेकै थिए । खास्टेलाई विसंन कुन भारी कुरा भयो ?– श्याम्म परेको रूखमा सानो कोटेराले महीनौं लगाएर बनाएको गुड च्यात चुत्त पारेर पर्याकिदिए सरह खास्टे प्रतिको विश्वास पनि च्यात चुत्त पारेर पर्याकिन सकिन्थ्यो । तर कसो कसो त्यसो हुँदै भएन । लडाईमा गोली लागेको सिपाहीको घाँउको दाग नमेटिए जस्तै मेरो मनमा पनि खास्टे नमेटिने भएर बस्यो । कपडा लगाएको बेला अथवा कामको व्यस्ततालै सिपाहीले घाँउको दाग बिसिरहेको हुन सक्ला तर जीवन भरी नै बेला बखतमा उसको घाँउको दाग आँखामा पर्न छाड्ने हुँदैन । त्यसरी नै म पनि खास्टेलाई बिसिएर बसेको हुन्थिए, तर फुर्सतको बेला–बखतमा उसले मलाई छोप्तै आउथ्यो, छोप्तै आउथ्यो । धारामा साबुन दली दली धुने कुरा हो खास्टे ?– मनको भित्र पट्टि कता हो कता टाँसिएको थियो उ, कलेजामा, मुटुको ढुकढुकीमा गिदीमा, गिदीको औरिपरी हाडहरूमा– जहाँसम्म मेरा हातहरू पुग्दा पनि पुग्दैन थिए ।

कहिले कहिले त रिस पनि उठ्यो । एक श्वाक के विचार आउथ्यो भने मनलाई संगीतमय बनाई रोमाञ्चित बनाई राख्न खास्टेको ठाउँमा कुनै राम्री स्वास्नी मानिसलाई पनि त ल्याएर राख्न सकिन्छ । तर मेरो के लाग्थ्यो र । खास्टेको सम्झनाले पर्लय मचाई हाल्थ्यो । के गर्नु त्यो राम्री स्वास्नी मानिस, जसले गुहु र गोबरसम्म थाहा पाउन नसक्ने हुन्छे, उसलाइ मनको मूल्यवान् सुनको सिंहासनमा राख्न कसरी सकिन्छ । खास्टे त हजारौं युवक–युवती, बुढा बुढी र बालक बालिकाहरूको मुस्कान हो । मनको मूल्यवान् सुनको सिंहासनमा खास्टे नै निर्विरोध बसिरहन सक्छ । म फेरी सगर्व उसलाई सम्मान दिन बाध्य हुन्थे ।

एक दिन अचानक खास्टेसंग भेट भयो । सीमित हाट–बजार, अड्डा–अदालत, गाउँ–शहर, वन–बुटयान्–उसंग भेट नहुने कुरा पनि केही थिएन । तर खास्टेसंग भेट हुँदाको अवस्था भने सामान्य थिएन एउटा असामान्य अवस्था – जीवनको चरम छेउको अवस्था थियो त्यो ।

त्यस दिन म एक्लै एकान्त किसिमको बाटोमा हिडिरहेको थिए । समय साँझ साँझ पर्न खोज्दै थियो । चराहरू दिनको अन्तिम प्रहरका उडान भरेर पखेटा-हरू दाबमा हाल्ने सुरमा थिए । खोला किनारका खल्लाका बोटहरू दिन भरीको लन्याक लुरुकले थाकेर

सुसाएका पनि थिएनन्। सूर्य डुब्दै थियो, चन्द्रमा उदाउने वेला भएको थिएन। परबाट पिठयुमा एउटा मानिसले एउटा रोगी मानिसलाई त्यान्द्रयाङ त्यान्द्रयाङ बोकेर ल्याइरहेको थियो। मानौं, एउटा ज्वलन्त दिन साँझमा पुगेर मर्न छटपटाई रहेको छ।

मैले रोगीलाई नियालेर हेरें– कौतुहल मेटाउन मात्रै यसै अनायास। अनुहारको रूपाकृतिले मैले खोजिरहेकै खास्टे थियो। आखिर खण्डित चन्द्रमा र पूर्णचन्द्रमा एउटै कुरा हुन जो कालको क्रमले मात्रै साना ठूला देखिने गर्दछन्। खास्टे पनि दुब्लाएर खण्डित चन्द्रमा जस्तै आधा भन्दा पनि सानो भएको रहेछ। टाउकामा टोपी थिएन– नखुट्टामा जुत्ता थिए, उसंग खास्टो भने छैंदै थियो, तर काँधमा मिलाई मिलाई राखिने खास्टोले उसैलाई लपेटेर कुम्लो बनाएको थियो। खास्टे त्यस कुम्लामा कुक्कूक्क बसेको थियो। मैले मन मनै भने– जङ्गलमा गर्जदै हिड्ने बाघ पनि समयान्तरले खोरमा कुक्कूक्क परेर बस्छ। अलिक हतार गरेर रोगीलाई बोकिरहेको मानिसलाई सोध्न पुगें– "भाई तिमी कसलाई बोकेर ल्याउँदै छौ ?, यसी हेर्दा खास्टे जस्तो लाग्छ– हो भने कहाँ लाँदै छौ ?"

यी मेरा बा हुन्। यिनको नाउँ खास्टे पनि हो"– बोक्ने मानिसले उभिएर म तिर हेर्दै भन्यो– "यी बिमारी छन्। यसो झार फुक गराउ भनेर धामीको घरमा लैजान लागेको छु।"

"कैले देखि बिरामी भए यी"– मैले खास्टेका छोरालाई सोधें– "अनि यिनलाई के हुँदैछ ?"

"यी दुई वर्षदेखि बिरामी छन्"– अध्यारो मुख लाएर भन्यो– "हामीले थाहा पाएदेखि यी घुमेर मात्रै हिड्ने गर्दथे। पछि पछि त कसलाई कसलाई गाली गर्दै चर्को आवाजमा कराउथे।" त मात्रै ठूलो, त मात्रै जान्ने, के अरू मानिस होइनन् ?– मानिस हुँ मानिस। तँ जस्तै मानिस– भन्ने गर्दै थिए। हामीले त उनका कुरा बुझ्न सकेको पनि होइन। पछि पछि त वा विछिप्त हुँदै गए। अब त घरी घरी वेस्सरी रिसाउछन्। आफै रिसाउछन्। अरूलाई भने केही गर्दैनन्। यिनलाई धामीले फुक्छ, झाँक्रीले फुक्छ, हामीले बोक्छौं. सुताउछौं– बा चुप लागेर हेर्छन्।"

मैले छेवैमा गएर हेरें। उसले पनि डरलाग्दा आँखा बनाएर मलाई हेर्‍यो। "खास्टे, खास्टे–" मैले उसलाई बोलाए। खास्टे मौन थियो– कुनै प्रतिक्रिया देखाएन। उसलाइ उसको छोराले जस्तो किसिमले बोकिराखेको थियो त्यसरी नै बसिरह्यो। अनुहार म भए तिर फर्किएको थियो। मलाई टवाल्ल हेर्‍यो मात्रै, केही भनेन। वर्षौं देखि साचिराखेको कुरा मलाई भने उसलाई सुनाउँ सुनाउँ जस्तो भएर आयो। मलाई भन्न मन थियो– "खास्टे. म पनि आँटिलो भएको छु। म पनि नडराउने भएको छु। खास्टे, मलाई कसैको डर लाग्दैन।"

खास्टेले हेरि रह्यो मात्रै। केही बोलेन सायद उ भनी रहेको थियो– "म हिड्दा हिड्दा थाकिसकेको छु।"

म यो जिन्दगी यसरी नै बाँचेको छु

–राम विक्रम थापा

अतीत, वर्तमान र भविष्य
यी तीन कालको सम्वेदनसिलतामा
जिन्दगीको लेखाजोखा गर्दै
कल्पनामा सुमधुर भाव भर्दै
समय र परिवेसलाई
मकै झैं चपाएर पचाउँदै
निष्कर्षमा
कलम र कापीको भरमा
समय र परिवेस ओकल्दै ।
म यो जिन्दगी यसरी नै बाँचेको छु ।

✶

दुखाई अझ धेरै दुख्दोरहेछ
जिन्दगीको भूकम्प त
कहाँ विसिदोरहेछ र !
सुख त्यति सुख्द नहुने रहेछ
रमाईलो क्षण त
विर्सन पनि सकिदोरहेछ,
सुखहरूलाई चुपचाप
फाइलमा नत्थी गर्दै
दुखहरूलाई झरीमा
आँगनभरी विस्कुन सुकाउँदै
अलिकति सफलता र
सुखको हाँसो हाँस्दै
झिनो आसातीत तार बजाएर
महत्त्वाकाँक्षालाई साँच्दै
म त धेरै–धेरै रोएर
अलिकति हाँसिको छु
म यो जिन्दगी यसरी नै बाँचेको छु ।

✶✶

खाँदा–खाँदा यो अफ्रिकाली भोक
र पनि म अघाएको छैन
बोल्दा–बोल्दा एकोहोरो बहकाई
वास्तवमा मैले केही बोलेकै छैन
अहँ, अव्यक्त भावना
यो मन खोलेकै छैन
किनकि यहाँ कसैले सुनेकै छैन,
दुईटा खुट्टा र एकजोर हात
त्यसमाथि एउटा मूर्तिवत जिन्दगी बाँचेको छु ।
निष्क्रिय बनाएर चेतनालाई
वर्तमान यो भविष्यलाई साँचेको छु;
नसोध भो, अब पुग्यो
कति बकुँ म आफ्नो कथा–व्यथा !
म यो जिन्दगी यसरी नै बाँचेको छु ।

✶✶✶

बाम्राङ्ग – ८ खोटाङ्ग ।

समालोचना

अश्लिल कविता, निर्लज्ज कृति

–इन्द्रकुमार श्रेष्ठ 'सरित्'

✶ पृथ्वी नारायण शाहका भाट सुवानन्नदासले वि. सं. १८२६ मा लेखेको स्तुति गानबाट शुरू भएको नेपाली साहित्यले प्राथमिक रमाध्यमिक काललाई फड्को मारेर आधुनिक काललाई डोऱ्याइरहेको छ। इन्दीरस, विधारण्य केशरी, भानुभक्त, लेखनाथ, शम अनि देवकोटा जस्ता प्रभृतिहरू यी तीनै कालका उपज हुन्।

✶ त्यसै गरी नेपाली साहित्यमा आएका विभिन्न बाद, आयाम वैचारिक अवधारणाहरूलाई आफ्नो छातीमा समेट्दै नेपाली साहित्यले प्रगतिको गति समाउन विर्सेको छैन। त्यसै क्रममा आज पनि नेपाली साहित्यको क्षेत्रमा विभिन्न बादहरूको घेरामा बसेर वा नबसीकन नै ले लेखक र कविहरूको कमी छैन। तर यौन र रतिरागात्मकतालाई विषय बस्तु बनाएर लेख्ने लेखक–कविहरू वर्तमान समयमा यतिविघ्न तल्लो स्तरमा ओर्लेर निकृष्ट भाव र शब्दहरूको संयोजन गरेर लेख्न थालेका छन् जसले गर्दा त्यस्ता लेखक कविहरूको लेख रचना र ट्रक, बसका खँलासँहरूको फोहोर गालीमा त्यति भिन्नता हुन्न। त्यस्तो स्थितिमा एउटै सपनाले गर्दा पत्रिकालाई रद्दीको टोकरीमा फ्याँक्न मुटुलाई दह्रो नबनाई हुन्न।

✶ साहित्यिक पत्रिकाहरू पढ्ने क्रममा 'बगर' वर्ष ५, अङ्क १२ हेर्दै जाँदा नेपाली साहित्यको स्तर यही हो त (?) भनेर आफैंलाई प्रश्न नगरी रहन सकिन। उक्त पत्रिकामा कवि पुष्कर लोहनीका पाँचवटा स–साना कविताहरू, छापिएका छन्। पुष्कर लोहनीका ती पाँचै कवितालाई 'अश्लिल कविता' को संज्ञा दिए अनुचित नहोला। ती कविताहरूको माध्यमबाट पुष्कर लोहनीले आफ्नो मन मस्तिष्कमा चेतन–अचेतन रूपले रहेको यौन सुख प्राप्तिको अति आसक्तिलाई अश्लिल ढङ्गबाट अभिव्यक्त गरेका छन्। ती पाँचवटा कविताहरूले अनुपलब्ध यौन सुखले रन्थनिएका कवि पुष्कर लोहनीको मानसिक कुण्ठा र विकृतिलाई उदांगो पारेको छ। ती पाँचवटा कविताहरूले कविको कुण्ठित मनोभावना, संकीर्ण विचार र अश्लिल सोचाईहरूलाई हुनसम्म नग्याएको छ। कविको हृदयमा उकुसमुकुस भएर गुम्सिरहेको काम बासनाको प्रतीक हुन् ती पाँचवटा कविता भन्दा,

बढी भनेको नठहर्ला । यसरी ती नांगो कविताहरू देख्दा यस्तो लाग्छ मानौं लज्जा, स्थिलता र मर्यादा भन्ने शब्दसंग कविको जम्काभेट नै भएको रहनेछ । नत्र अनुपलब्ध यौन सुख पाउन कल्पना-को बकम्फुसे उडान उडेर पागल सार्थ झैं यसरी नांगिनु आवश्यक थियो त ?

✶ नकुल सिलवालको सम्पादनमा छापिने 'वगर' पत्रिकामा प्रकाशित पुष्कर लोहनीका पाँचवटा कविताहरूमध्ये पहिलो कवितालाई हेरौं–

"दुईटा सेता फिलाहरूको कपमा च्यापिएर

– – – –

– – – –

भित्रसम्म कुटो घुसारेर बीउ छरी दिन्छु ।"

✶ पशु जस्तो सहज धानमा चलेर स्लिलताको सीमा रेखा नाघेको मान्छेलाई सुहाउँदैन । किनभने मान्छे पशुभन्दा विवेकशील प्राणी भएको नाताले उसले सामाजिक मूल्य, मान्यता, नैतिकता र मर्यादा-हरूको पनि पालन गर्नुपर्छ । त्यसमा पनि लेखकको सामाजिक कर्तव्य र दायित्व अझ बढी हुन्छ । तर पुष्कर लोहनीका यी पाँचवटा कवितामा उनी यौन सुखको काल्पनिक संसारका उन्मुक्त भएर पशुले समेत जानेको शारीरिक भोक मेटाउने र सन्तानोत्पत्तिको माध्यमका उतार चढावलाई कोट्याई–कोट्याई स्वाद लिएर अभिव्यक्ति दिन पछि परेका छैनन् । अर्को कवितामा आफ्ना सुषुप्त यौनाकांक्षालाई कविताको माध्यमबाट पूरा गर्दै उनी भन्छन् ।–

"– – – –

फिक्दानीको मुख प्रष्ट देखियो ।

मेरो श्वास बढेर आयो

रोक्न सकिन

अनि बाक्लो सेतो कफ

फिक्दानी भित्र थुकी दिएँ ।"

–(फिक्दानी, पृ–४)

✶ प्रत्येक मान्छेलाई थाहा छ, मान्छेलाई दाल– भात जस्तै सहज रूपमा सामाजिक मर्यादाको सीमा रेखाभित्र यौन सुख पनि उपलब्ध हुनुपर्छ, नत्र ऊ अनुपलब्ध यौन सुखले गर्दा बौलाउँछ । अनि उसको मस्तिष्क विकृतिहरूको उद्गमस्थल बन्न पुग्छ । पुष्कर लोहनीका यी पाँचवटा कविता पढ्दा उक्त भनाईमा सत्यताको थुप्रै अंक भएकोमा मलाई शंका लागेन ।

✶ अश्लिलतालाई ग्वाम्लबाङ्ग अङ्गालो हालेको उनको अर्को कविता पनि हेरौं–

"– – – –

बेसरी तिमीले मेरो जिब्रो चुसिदिंदा

म होसमा थिईन

तिम्रो गाग्रो रसाएर मुख ह्वाङ्ग भएको

मैले थाहा पाउन सकिन

कुन बेला मेरो माछाले

पोखरीको गन्ध थाहा पाएर उफ्रेछ ।"

(वान्ता पृ–४)

✶ के पुष्कर लोहनीका उपर्युक्त तीनवटै कविता पढ्दा तीनै कवितामाथि बान्ता गर्ने ईच्छा नहोला त पाठकहरूको ? यदि त्यस्ता छाडा गफ नै साहित्य हो भने भानुभक्तदेखि वर्तमान समयसम्मका

(पुष्कर लोहनीलाई छाडेर) संपूर्ण लेखकहरूको नाम पुष्कर लोहनीका यी छाडा कविताहरूले नै नेपाली वाङमयबाट पुछे भएन त ? अंगडाई, इन्द्रजाल हरजाई आदि जस्ता हिन्दीका अश्लिल पत्रिका-भन्दा पनि अश्लिल उपर्युक्त कविताहरूले पाठक-हरूलाई के दिशाबोध दिन सक्छ, कविले यसबारे सोच्नु उनको कर्तव्य होइन ? पुष्कर लोहनीका यी पाँचवटा कविताहरूले रतिरागात्मकता र यौन कुण्ठाको नाममा नेपाली वाङ्मय र नेपाली साहित्यका सम्पूर्ण पाठकहरूको नै अपमान गरेको छ भन्दा अतिशयोक्ति नहोला। अनि 'बगर' नामक साहित्यिक पत्रिकाले यस्तो छाडा कविता छापेर साहित्यिक पत्रिकाको मर्यादामा नै प्रश्न चिन्ह लगाएको छ।

✶ उस्तै अश्लिल भाव र मैथुन क्रियामा परमानन्द पाउने कुचेष्टा गर्ने कविको अर्को कविता पनि हेरौं–

"– – – –

कसिएका तिघ्राको च्यापामा च्यापिएको खोंच
तिम्रो जिब्रोमा जिब्रो राखेर
चुचुरामा मेरो हात टाँसिन पुगेपछि
चलबलाएको तिम्रो खोंच भेट्टाउने बल गर्दा
मेरो गल "स्वात्त भित्र पसिहाल्छ।"

✶ एउटा साहित्यिक पत्रिकाको सहारा लिएर अश्लि-लताको चरमसीमासम्म पुगेर नांगिनुलाई एउटा जिम्मेवार वा पथप्रदर्शक व्यक्तिले नेपाली वाङ्मय-यको नै घोर बेइज्जति गरेको नभनेर नेपाली वाङ्मयको शिरमा श्रीपेच जडेको भन्न मिल्ला त ? के यस्तै कविताहरूलाई विदेशीको सामु हामी नेपालीलो सभ्यता र संस्कृति भनेको यही नै हो भनेर पस्किन सक्छौं त ? अथवा यी कविताहरूलाई हामी हाम्रा भावी सन्ततिका लागि भनेर मन्तर गरेर जन्तरमा बाँध्न तयार छौं ? हामी नेपाली हुनु, हाम्रो नेपालीपनको प्रतीक यस्तै अश्लिल कविताहरूमा अटाउन सक्छ त ?

✶ 'बगर' पत्रिकामा छापिएको पुष्कर लोहनीको पाँचौं अर्थात अन्तिम कविता 'उम्रेको बीउ' लाई पनि नियालौं।–

"घुमारेको बीउ उम्रेछ
टुसाएर जराहरूले गमलालाई वेरेछ
गमलाले थाम्नै सकेनछ
टुन्न परेको गमला देखेर
सबैले भन्न थाले
झ्यांगिएको जरा बाहिर निस्कन मात्र बाँकीछ।"

(उम्रेको बीउ, पृ–५)

✶ उपर्युक्त पाँचवटा कविताहरू पढ्दा छर्लङ्ग हुन्छ, पुष्कर लोहनी कु हदसम्मको निर्लज्ज र मर्यादाहीन कवि हुन् भन्ने कुरा। यी कविताहरू पढिसकेपछि कविलाई एउटा प्रश्न सोध्न मन लाग्छ– के उहाँले यी कविताहरू आफ्नो परिवारको अघि पाठ गर्न सक्नु हुन्छ त ?

✶ रतिरागात्मक विषयया कलम चलाउन त्यस्तो विधि छटपटी लेखकमा विद्यमान भएको भए रतिरागात्मक सम्बन्धमा लेख्ने अग्रज लेखकहरूको लेख रचनाहरू कविले अलि अलि मात्र भए पनि

अध्ययन गर्ने गरेको भए केही सकारात्मक कुराहरू फेला पर्थ्यो कि ? रतिरागात्मक र यौनलाई नै विषयवस्तु बनाएर नेपाली वाङ्मयमा उपन्यास, कथा आदि नलेखिएको होइन । जसको लागि फ्रायडको साक्ष्यै चेली विश्वेश्वरप्रसाद कोईराला र शून्यवादकी उपासिका वा प्रगतिवादको मुखौटा ओढने पारिजातका रचनाहरू नभएका होइनन् । तर रतिरागात्मकताको नाममा नेपाली वाङ्मयमा यस्तो जुगुप्साबोध हुने खालको भद्दा प्रस्तुति भने आजसम्म कुनै लेखकले दिए जस्तो लाग्दैन ।

✱ कथाकार, कवि तथा 'कौढा', "चहकदार माई-न्टोल र पिलपिले लालटिन" आदि विभिन्न पुस्तकका लेखकबाट यस्ता निर्लज्ज र अश्लिल कविता लेखिएला भनेर कल्पनासम्म पनि गर्न सकिन्छ त ?

✱ साहित्यिक पत्रिकाको नाममा 'गाई जात्रे' अङ्कमा समेत राख्न लाज लाग्ने पुष्कर लोहनीका उक्त कविताहरू छापेर 'वगर' का सम्पादकले पनि आफ्नो मानसिकतालाई नंग्याएका छन् भने एउटा साहित्यिक पत्रिकाको जिम्मेवार सम्पादकको आसनबाट उनी खस्केका छन् । यस्ता कविता र यस्ता पत्रिका वाक् र प्रकाशन स्वतन्त्रताको प्रतीक नभई वाक् र प्रकाशन स्वतन्त्रताको नाममा यी दुवैको दुरूपयोग र अपमान होइन र ?

✱ समग्रमा पुष्कर लोहनीका यी पाँचवटा कविताहरू अश्लिल छन् । तिनले मर्यादाको सीमालाई नाघेका छन् । त्यस्ता कविताहरू अभिव्यक्ति गर्ने होइन वरू पटनीको न्यानो अङ्गालोमा अनुभूति गर्ने सुख हो । जसलाई सार्वजनिक घोषणा गर्दा त्यो अश्लिल र अभिव्यक्ति दिने व्यक्ति निर्लज्ज बन्न पुग्छ । अनि मनका त्यस्ता व्यक्तिगत 'सुख' र 'अनुभूति' लाई वरपर सानु पर्ने आवश्यकता नै पर्दैन । किनभने ती अनुभूतिहरूको बासस्थान मनकै अन्तर कुन्तर हुन्, कागज र कलम होइन । तसर्थ त्यस्ता अश्लिल र मर्यादाहीन कविता लेखेर र छापेर कवि र सम्पादक द्वयले आ– आफ्नो बुद्धि र विचारको दिवालियापनको प्रदर्शन गरेका छन् ।

तरहरा (सुन्सरी)
हाल– काठमाडौं

–यथार्थता भिन्नै छ–

–पवन अधिकारी

नसोच यी दुई आँखामा
उन्माद र आवेगको मात्र
संगम होला भनेर !
गहिरिएर हेरत त्यसभित्र,
असंख्य–असंख्य आँसुका
भकारीहरू पनि होलान् ।

नसोच यी ओठमा
मुस्कानै मुस्कानको मात्र
लहर होला भनेर !
नियालेर हेरत त्यसभित्र
कति विवशता र बाध्यताहरू
झल्किएका होलान् ।

संरक्षण कथा

"नमेटिने छाप छाडेर गयो यस वर्षको दशैं"

–गिरीराज पन्थ

लेख, वेसी, पहाड, तराई र उपत्यकाहरूमा जतातत रंगीचंगी फूलहरू फूलेका छन् । आकाशका बादलका छिर्का र धर्तीको हिलो धुलो तथा गर्मीलाई प्रकृतिले विदा गरिसकेकी छन् । शरदकालीन वातावरणको रमाइलो भित्र हिन्दूमात्रको महत्वपूर्ण चाहाड दशैंको आगमनले यत्रतत्र केटाकेटी, युवक युवती र बूढा बूढी समेत सबैमा नौलो उत्साह र उमङ्ग छाएको छ; के धनी के गरीब सबैजना दशैंको लागि लत्ता कपडा, खाद्य पदार्थ र एउटा 'झक्कले बोको' जे जसरी भए पनि जुटाउने कुरामा व्यस्त छन् ।

श्यामकृष्ण नाम गरेको एक व्यक्ति जो समाजका सम्पन्न, चेनतशील, समाजसेवी र सर्वमान्य व्यक्ति हुन् । उनी लगायत सबैजसो गाउँलेको घरमा दशैंको स्वागतार्थ घर लिपपोत गर्ने, रंगरोगन लगाउने र नाता कुटुम्बको टीका थाप्न आउने विविध कुराको व्यापक तयारी चलिरहेको छ । तर श्यामकृष्णको गाउँमा धेरै–धेरै धन र ज्ञानका गरीब मान्छेहरू पनि छन् जसले प्रकृति रानीका सन्तानहरू निमोठेर, प्राकृतिक शहरहरू भत्काएर, वन्य जन्तुको शिकार, काठ दाउरा जस्ता वन पैदावारको चोरी निकासी गरेर दशैं खर्चको लागि ठूलो धनराशी जुटाउने क्षणिक अठोट गरे ।

त्यसको फलस्वरूप प्रकृतिप्रेमी, समाजसेवी र वन संरक्षकहरूको आँखा छलेर रातारात वनजङ्गल भित्र अन्दाधुन्द आक्रमण शुरू भयो । चन्द्रमाले अनुहार लुकाउन नपाउँदै काठ दाउराका असंख्य भारीहरू वनजङ्गलबाट चोरी निकासी हुन लागे । हँसिया, आरा र बञ्चराको प्रहारले विक्षिप्त भएका कलिला रूख विरुवाहरू आफ्नो आर्तनाद छिरोलिरहेका थिए भने पन्क्षी र जनावर हत्या गर्न प्रयोग गरिने साइलेन्सर जडित (आवाज नआउने) बन्दूकको अक्षम्य अपराध प्राकृतिक एकाग्रता भित्र लुप्त थियो ।

प्रतिस्पर्धात्मक रूपमा हाटबजारमा ल्याइने वन पैदावार र मृगयाको भाउ घटिरहेको थियो । सिङ्गो राष्ट्रलाई प्राकृतिक प्रकोपमा चुर्लुम्म डुबाएर आफ्नो क्षणिक स्वार्थ लुटिरहेका थिए. सीमित व्यक्तिहरू । आँखा भएका अन्धाहरू !!

एकदिन गाउँलेहरूको उच्छृंखल र अन्धो व्यवहार थाहा पाएर श्यामकृष्णले सबैलाई एक–एक गरेर सम्झाए, अनियन्त्रित तवरले वन जङ्गल मास्दा

भविष्यमा भोग्नुपर्ने समस्याबारे बुझाए । तैपनि काठ दाउरा बेचेर हजारौं रुपियाँ आर्जन गर्न पल्केका गाउँलेको घँटोमा घाम लागेन । अन्तमा श्यामकृष्णले वनजङ्गल सरक्षणको निम्ति आफू बाध्य भएर स्थानीय वन कार्यालयमा रिपोर्ट गर्न जाने कुरा समेत उनीहरू समक्ष राखे । तर अफशोच ! सबै अभियुक्त-हरू श्यामकृष्णको विरुद्धमा जुटे । उही गाउँमा उनीहरूसंगै बसेर जीवन बिताउनु पर्ने कुरालाई दृष्टि राखी श्यामकृष्णले स्थानीय वन कार्यालयमा गोप्य सूचना दिने विचार स्थगित गरे ।

समयको चक्र घुम्दै गयो; धेरै वर्ष सम्म यस्ता दशैंहरू आउँदै र जाँदै गरे । तर प्रत्येक दशैंले वायुमण्डलमा विषालु ग्यास थुपारेछन् ! जनमानसमा चिन्ताको आगो सल्काएर गएछन्" अनि वनजङ्गल ध्वस्त पार्ने अपराधीहरूको हँसिया र बञ्चरोको प्रहारलाइ चिरकालसम्म हरेक मानिसको निधारमा खोपेर गएछन् !!

यसवर्षको दशैं आउन धेरै बाँकी छ । भरखर आषाढ महीना शुरू भयो । कृषिप्रधान देशमा किसानहरूले भनसुनको स्वागत गर्न तम्सिनु अस्वा-भाविक थिएन । तर दु.खको कुरा यस वर्ष प्राकृतिक वातावरण असामान्य थियो । समयमा पानी नपर्ने हरीवतास चल्ने, संक्रामक रोगहरू फैलिने, बजारभाउ बढ्ने, घाम बढी चर्कने, खोलानालाहरू सुक्ने, पानीलाई सधैं छटपटी जस्तो महसूस हुने जस्ता विनाशकारी संकेतहरू वर्षको शुरूदेखिनै देखिन थालेका थिए । गाउँ बस्ती नजिकका रूख वृक्षहरू टाढ.दै गएका थिए । घास दाउरा र स्याउलाको लागि दिनभरको बाटो हिड्नु पर्थ्यो, घर गोठ बनाउने काठ दुर्लभनै थियो । ठूला ठूला वन जङ्गल पनि रित्तिएर शोभा-विहीन देखिन्थे । वन जङ्गलमा स–साना झाडी र काँडा सिवाय केही थिएनन् । "सन्तान बिग्रे गाँडै–गाँडा, वन बिग्रे काँडै–काँडा" भन्ने परम्परागत उखान जतातत चरितार्थ देखिन्थे ।

पानी नपर्नाले खेती लगाउने काम सर्वत्र ठप्प थियो । "देउता रिसाउनाले पानी परेन, अब इन्द्रको पूजा गर्नुपर्छ" भन्ने चर्चा बस्ती–बस्तीमा चल्दै थियो ।

प्रकृतिले आँटे पछि असम्भव केही रहने छ ? एकदिनको कुरा हो, चर्को घाम र धूलो उडेको वातावरणमा हठात परिवर्तन आयो । दिउसै निस्पह अन्धयारोले राज्य गऱ्यो आकाशमा बादलका मुस्लाहरू जतातत दौड्न थाले । भयानक आँदीवेहरी, चट्यांग र गड्याङ र गुडुङ्ग संगै मुसलधारे वर्षा शुरू भयो ।

भयानक पानी र असिनाको वर्षाले रूख विरुवा का पात र बोक्रा समेत सखाप भए । जतातत पानीका भल झर्न थाले, खहरे खोलाहरू सोस्साउन थाले, डरलाग्दा पानीका भेलले भीरपाखाहरू रगीए । असिनाको कुटाइले चरीका बचराहरू गूडसगै भुइमा खसे । फुलफुटे माउ बच्चाहरू सबै मरे । जतातत गड्याङ गुडुङ पहीरो झर्न थाल्यो, खेतवारी, भीर पाखा र कान्लाहरू, भएका अन्नवाली र रूख विरुवा संगै मानौं, गहभरी आंसु लिएर आफ्नो यात्रा शुरू गरे ।

बिचरा सिङ्गा सिङ्गै घर गोठ संगै गाई बस्तु र मान्छे पनि पहिरो र पानीको भेलमा मिसिएर खोला झरे । गाई वस्तुहरू दाम्ले पासोमा बाँ–बाँ गर्दै कराउथे, केटाकेटीहरू बां, आमा भनेर चिच्याउथे

मरेबाबा ! बचाउ !! गुहार ! गुहार !! जस्ता आर्तनादहरू सर्वत्र सुनिन्थे तर दैवी शान्तिको अगाडि कसैको केही लागेन । रगत नबगे पनि रगताम्य बन्यो त्यो भीरपाखा ! त्यो गाउ बस्ती !!

नदी किनारा र खोल्सा खोल्सीमा चारैतिर लाशै लाश देखिन्थे । खुनै खुन देखिन्थ्यो !! चिच्याहट– चिच्याहट सुनिन्थ्यो । मानो ! सिङ्गो वातावरणनै दयाको भीखारू थियो त्यो वेला ।

लामो समय पछि परेको मुसलधारे पानीले धेरै मान्छेलाई यस वर्षको दशैं स्वागतगर्न दिएन । कसैका छोराछोरी मरे । कसैका बाबु आमा मरे । कोही विधवा भए । सबैले धन सम्पत्ति र जाहान बच्चा गुमाए । सबैलाई बस्ने बास र खाने गासको समस्या थियो । बाँचेकाहरूपनि आफूलाई जिउदै मरे सरह सम्झन्थे ।

सधैं झैं यस वर्ष पनि दशैं आयो । तर कसैको घरमा उत्साह थिएन, उमङ्ग थिएन, ज्यानमा रङ्गीचङ्गी वस्त्र र गोठमा 'झक्कले बोको' पनि थिएन । जताततै चित्कार थियो, वेदना थियो । शोक थियो, पिडा थियो सबै सन्तप्त थिए ।

समग्रमा हिलोका दशैंहरूमा साराप्रकृति उजाड बनाएर केही व्यक्तिले उपभोग गरेको मोजमस्तीले आज अर्थात यस वर्षको दशैंमा श्यामकृष्ण बाजेले समेत मृत्युको शिकार बने । सधैं... ... सधैंको लागि "नमेटिने छाप छाडेर गयो यस वर्षको दशैं ।

–वन शाखा गुल्मी

श्री ५ महाराजाधिराज सरकारको

४४ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य समृद्धि

एवं चिरायुको कामना टक्याउँछौं ।

साझा प्रकाशन

पुल्चोक ललितपुर

यात्रा स्मरण–

यात्राका तीन अनुभव

राम प्रसाद पन्त

यात्रा एउटा नयाँ नयाँ अनुभवको साधन हो। एकै ठाउँमा बसी रहनुमा कुनै आनन्द छैन। यात्रा गर्दामा आनन्दै आनन्द मिल्छ भन्ने होइन। आनन्द पनि दुई प्रकारको हुन्छ– शारीरिक र मानसिक। दोस्रो प्रकारको आनन्द हामीले यात्राबाट पाउँछौं। त्यसबाट प्राप्त आनन्दले जीवनको विभिन्न पक्षको उद्‌बोध गराउन मद्दत मिल्छ। म पनि यात्रा गर्न औंधी मन पराउछु र त्यस्तो यात्रा– विशेष गरेर विदेश भन्दा स्वदेश संग सम्बन्धित रहन्छ। मैले म जस्ता नेपाल आमाका बहुरूपी सन्ततीलाई देखेर आफू संग दाँज्छु। कुनै ठूला छन्, म जस्ताको प्रयोजन ठान्दैनन्। कुनै साना छन्, म संग बोल्न पनि डराउछन्। कुनै धेरै सभ्यछन्, मसंग बसाउठी गरेर समय खेरा फाल्न चाहँदैनन्। कुनै असभ्यछन्, मलाई सीधा आँखाले हेर्न पनि सक्तैनन्, अनि पछाडि मरी मरी हाँस्छन्। कुनै शिक्षित छन्, देश काल परिस्थिति अनुसार वर्तन्छन्। कुनै जिज्ञासा राख्छन्, केही गर्न खोज्छन्, केही सिक्न खोज्छन्। कुनै अशिक्षितछन्, बोलेको पटक्कै रूचाउदैनन्, सधैं आँखा चिम्लेर हात खुट्टा बाँधेर बसी दिन्छन्। कुनै अर्ध-शिक्षित अवस्थामा छन्, जो धेरै खतरनाक छन्, जसले शिक्षा दिनेलाई शत्रु ठान्छन्, मूढे बलले आफ्नो सिद्धान्तमा लालमोहर लगाउँछन्। यही हो यात्राको उपलब्धि, सुख दुःख र तीता मीला कुराहरूको आस्वादन।

यस्तै यात्राको क्रममा म भैरहवादेखि रिडीसम्म जाने अवसर पाएको छु। त्यहाँ मैले भैरहवादेखि बुटवलसम्म, बुटवलदेखि तानसेनसम्म, र तानसेनदेखि रिडीसम्म तीनवटा बस बदल्नु पर्थ्यो। ती तीनवटा बसमा मैले विभिन्न तीन अनुभवहरू संगालेको छु।

१ धार्मिक विवाद

पहिलो बसमा म लगभग बीच भागको सीटमा बसेको थिएं। अघिल्लो सीटमा जटापालेका, दाढी जुंघा सफाचट पारेका, इष्टकोट कमीज र पाइन्ट लगाएका, यस्तै प्रकृतिका भनेर पहिल्याउन नसकिने खालका, एकजना पुरुष अवस्थित थिए। उनको हातमा चिल्लो कागजमा ३–४ वटा पोस्टर थिए। ती फोटोहरू के का र कस्ता थिए त्यो बाहिरबाट

चित्र सकिने कुरा थिएन। वस्त्रालंकारले विभूषित भगवान्‌का फोटो देखि लिएर नव युवतीका नग्न चित्र सम्म जे पनि हुन सक्थे। एकजना मान्छे बसको डण्डी समातेर अगाडि बढेर त्यही नेर पुगी अडिए। अनि ती जटाधारीलाई देखेर आश्चर्य व्यक्त गर्दै भने– "अहो! तपाईलाई त चिन्नै नसकेको, कहिले देखि यो स्वरूप बदलियो!! यी के हुन् जटाधारीले पोष्टर खोलेर देखाए। मलाई थाहा भयो, उनी त प्रजापिता ब्रम्ह कुमारीका भक्त पो रहेछन्। ती दुवै बीच वार्तालाप शुरू भएर धेरै लम्बियो–

'कति भयो तपाई यता लागेको ?

'यस्तै आठ दश महीना।

'के पाउनु भयो त त्यस्मा ?

"विद्वान्‌हरूका प्रवजन सुन्दैछु, यस्तै त हो स्वर्ग, नरक, मानव र परब्रम्ह–परमात्मा शिव, साक्षात्कार भै रहेको छ। खास कुरा त हामीले अहिले के पत्तो पाउन सक्नु ?"

प्रश्नकर्तालि कुरा प्रष्टयाए, उनी पनि पहिलेका भक्त रहेछन् तर करीब एक वर्षको अन्तरालमा पनि कुनै ठोस कुरा पाइएन रे। शिव र शकरको भिन्नता नै उनलाई जँचेन रे।

त्यहाँ एक पछि अर्का बक्ता निस्के, अर्का पछि अर्का। स्वर्ग र नरकका विभिन्न परिभाषा भए– "पहिलेको स्वर्ग भनिने अहिलेको इरान हो"।

"होइन, अमेरिका"

"के हुन्थ्यो! स्वर्ग काश्मीर, पाताल अमेरिका"

"यी सब बेकार कुरा, सुख र दुःख नै स्वर्ग र नरक हुन, यही स्वर्ग छ यही नरक"।

श्री ५ महाराजाधिराज सरकारको

४४ औं शुभजन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य समृद्धि

एवं चिरायुको कामना अर्पण गर्दछौं।

जनक शिक्षा सामग्री केन्द्र

सानो ठिमी भक्तपुर

"होइन, त्यो स्वर्ग छ, तर मरेपछि मात्र मिल्छ । यहाँ राम्रो गरे स्वर्ग नराम्रो गरे नर्क कसो?

"हो यो पृथ्वी जस्तै चौध भूवन छन् । क्षार समुद्र जस्तै दधिमण्डोद, इक्षुरस, आदि धेरै समुद्रहरू, जस्लाई विज्ञानले पनि पत्तो पाउन सकेको छैन । पृथ्वी बीचमा पर्छ । राम्रो गरे माथि जान पाइन्छ, त्यहाँ सुखै सुख छ, आनन्दै आनन्द छ, हजारौं वर्षको आयु छ । नराम्रो गरे तल्लो लोकतिर लाग्नु पर्छ, त्यहाँ यातनै यातना छन्, राक्षसहरूले भाला रोप्छन् तेलमा पकाउँछन् ''

"होइन, यो लोक सोक भनेको केही होइन, तपाईहरू चन्द्रमालाई देवता मान्नु हुन्छ–अहिले मानिस चन्द्रमामा पुगिसके "।

"के भयो त चन्द्रमामा पुगेर ? के पहिले त्यस्ता विमान थिएनन् र ? पहिलेका ऋषिमुनीहरू तपोशक्तिद्वारा कहाँ पुग्न सकेनन् र ? हिन्दू धर्मानुसार पृथ्वी पनि त देवता हुन् "।

"होइन, यो मैले बुझ्न सकिन, दुई जना उस्तै मान्छे हो, एउटाले गाई पुज्नु धर्म ठान्छ अर्कोले काट्नु " ?

"कुरो यसो हो– तपाई जुन सिद्धान्तमा अडिग रहनु हुन्छ, त्यही धर्म हो । धर्म त एउटा नियम हो । यी हिन्दू, मुश्लिम, क्रिश्चियन भनेका कुनै निश्चित ठाउँमा पुग्ने विभिन्न बाटा हुन् ।

अर्को एउटा कड्क्यो–"यी सब बकवास कुरा । यहाँ कतै केही पनि छैन,यहाँ जे गरे पनि हुन्छ । तपाईले भने अनुसार हुने हो भने यहाँ राम्रो गर्नेले राम्रो र नराम्रो गर्नेले नराम्रो फल पाउनु पर्दथ्यो तर खै ! घुसखोर र बदमासहरूले मोज गरिरहेका छन्, साँझ विहानै पूजा पाठ गर्ने र जागृत अवस्था भर भजन कीर्तनमा लागिरहनेहरू दरिद्री भएर गै रहेका छन् । तिनै माथि अनेक विघ्न बाधा आई पर्छन्, ग्रहदशा लाग्छन्, रोग व्याधीले सताउँछन् ।

'क्यामराको टल्किने ऐनाभित्र'

'मृदुल' सुरेन्द्रजंग कार्की

अल्मेको रसिलो मुहार
दहको नीलो परिधि भित्र
विपुल माछा चलिरहे जस्तो
विस्तारै विस्तारै नाचिरहेको
मणितुल्य आँखा बीच
सलक्क नाक झलक्क अनुहार
रजत महलमा स्वर्ण दीवार
म भित्र कविता छचल्किन्छ
हात तारको रूप बनी
कलम 'ड्वाङ्ग' बन्दछ बोल्दै
लेख्दै दिव्य शब्द प्रशस्ती
नीलो नभको छानासम्म
चुलिएका ती तरूस्तम्भ
घाँस कजिला बुट्टे तन्ना
पहाड भित्ता आहा ! विचित्र
समीर सुस्तरी कोल्टे फेर्छ
अलाप छोड्छे कोइली 'को हो'
पराग कणले गम्किरहेको
हेरि रहूँ लाग्छ नगरी हलचल
ऋतुराजको यो भव्य शैय्या महल

चोभार काठमाडौं

"होइन, त्यो त पूर्व जन्मको फल हो । तपाई पूर्व जन्मको भोग अहिले भोग्दै हुनुहुन्छ, अहिलेको अर्को जन्ममा । हामीले चौरासी जुनी पार गर्नुपर्छ ।

उ झन कड्क्यो– "झुट कुरा । 'भस्मि भूतस्य देहस्य पुनरागमनं कुत ?' खरानी भै सकेको शरीर फेरि कहाँबाट आउँछ ? तपाईले जुन तरिकाले भए पनि मोज गरेर बस्न पाउनु भयो भने स्वर्ग, दुःख पाउनु भयो भने नरक ।"

यस्तै हल्ला होहल्लामा म बुटवल पुगें ।

२ रक्स्याही आँबै

म बुटवलबाट तानसेन जाने बसमा चढें । त्यहाँ पनि मान्छेको भरिभराउ थियो । सीट भरिएतापनि डण्डी समाएर उभिने भरिएका थिएनन् । यस्तैमा दुईबटी आइमाई आए । एउटी अधवैंशेले बूढीलाई बशमा चढाउँदै भनिन– 'जाउ है आँबै । मलाई कस्तो कस्तो लाग्यो, मनमनै प्रश्न खडा भयो– बसमा सीट खाली छैन खाली ठाउँ पनि उभिनेले ढाकी सकेका छन्, न उभिने शक्ति छ । यी आँबै कहाँ बसेर कसरी जाने हुन् ! छोरी पनि कस्ती अबूझकी हो । आँबै बसका सिढी उक्लेर गजधम्म त्यहीं भूईंमा बसिन् । त्यसपछि उनले भनिन्– "ल बस् है ठूली ! "हुन्छ आबै हुन्छ" । "ल तिमी पनि जाउ है आँबै ! "हुन्छ हुन्छ ।" "तें राम्रै सित बसेस् है ठूली ! "ल .. तिमी जाउ है आँबै !" "ल बस् है ठूली !"

तिनीहरूको 'बस, र 'जा' को रटाई सुन्नेहरू मुस्कुराउँदै थिए, मैले अन्दाज लगाएं– यिनीहरूले मादक पदार्थ सेवन गरेको हुनुपर्छ ।

त्यसैबेला कन्डक्टर आएर ढोका बन्द गर्दै हिड्ने आवाज दियो । बसचल्यो । कन्डक्टरले भन्यो– आँबै ! तपाई यसरी ढोकैमा बसिदिन भएन, पेसेन्जरलाई अप्ठयारो पर्छ । आँबै पहिले हाँसिन् अनि झकिन– "मैले पहिलो पटक सुने तिमीहरूले पेसेन्जरलाई अप्ठयारो पर्छ भनेको बुझ्यौं ... ? कसरी आयो तिमीबाट यस्तो बोली ..."?

कुरो घतलाग्दो पनि थियो, यता उता बसेका यात्रुहरू हाँसे । मैले मनमनै भनें– "बूढीले खाँटी कुरा गरिन् "।

"धेरै कुरा नगर्नुस, छेउ लागेर बस्नुस् मान्छे कसरी हिड्ने "!

"सीट देउ न त ... "

"सीट छैन भन्ने जान्दा जान्दै किन बस्नु भयो त ... !

"यी सबै सीटमा बसेका छन् कि क्याहो ! बडो सीटको कुरा गर्दो रैछ ... ले" भन्दै फाटफूट प्रचलनमा आउने एउटो अश्लील शब्द प्रयोग गरी हालिन् ।

"धेरै नकराउ है बज्यै ... ! बस्ने भए छेउ लागेर बस, नभए उभिउ "। बज्यैले साधारणतया प्रचलनमा आउने आमाको गाली दिदै भनिन् "बडो उभिन सक्दिन भनेर मनपरी बोल्दो रैछ है ..."।

"तिमी मनगरी नबोल झारिदिउँला नि .. "।

"झारि दिने रे ... हेरौं त कसरी झार्दो रैछस् ।"

उनले फेरि एउटो नराम्रो शब्द प्रयोग गरिन् ।

"बढी नकाराउ भने ... न चाहिंदो बोल त झाछुं कि झार्दिन "। कण्डक्टर रिसायो ।

"तँ ... ले के गर्छस्, लौ गर त ... ! बस चलाएं भन्दैमा बढो लोग्ने हुँदो रँछ है "।

उनले ठेट नेपाली व्याकरण प्रयोग गरिन् । आइमाईहरू लाजले उधो मुण्टो लगाएर मुख थुने, कोही मुखामुख गरेर हाँसे, कसैले चेतावनी दिए– "जस्तो मनलागी बोल्न भएन वज्यें ... "।

कन्डक्टर जङ्गीएर आई बूढीको पाखुरा समायो– "झर यही ... " बूढीले उही कान थुन्नुपर्ने शब्द प्रयोग गरिन् ', तँ ले मलाई किन समाइस् ! म तेरी स्वास्नी हुँम ... "।

साठी पैंसठ्ठी वर्षकी बूढीलाई अठार बीस वर्षको केटोले समायो त कुन ठूलो कुरा भयो ? तर बूढी त्यसपछि त झन बौलाइन् । मुखमा आएको छोड्न थालिन । अरू त परै जाओस् छोरी बुटवलमा पेशागत रूपमा बसेको कुरो समेत खुस्काइन् । अन्य यात्रुवर्ग-बाट पनि विरोध र होहल्ला भै सकेपछि ड्राइभरले गाडी रोक्यो । डुम्रे ओर्लनु पर्ने बज्यैलाई दोभानमा ओरालियो । त्यसपछि ती बज्यैले के गरिन् ! कता गइन् ! समय त दिउसोको थियो । त्यो उमेर, त्यो लत ..., त्यो बोली, मैंले उनीलाई तानसेन पुग्दासम्म सम्झी रहें ।

३ धुमित वश

म तानसेन देखि रिडी जाने बसमा चढें । डरलाग्दो कच्ची बाटोमा पनि खुट्टा छिराउन नसक्ने गरी भरेर बस चलाइयो । अलिपर गएर काठमाडौं-बाट बालमन्दिरको लागि उपहारमा पठाइएका दुधका बोरा लादियो । कच्ची बाटोको खाल्टा र खाल्टीमा डलफलाउँदै बस अगाडि बढ्यो । म बसेको अघि रपछि का सीटमा एकै ठाउँका व्यक्तिहरू रहेछन् तर राज-नैतिक सिद्धान्त नमिल्ने खालका । ती सबैको मिल्ने एउटै सिद्धान्त रहेछ– देउराली मार्का । एक जनाले सिकरेट निकालेर पाँच छ जनालाई बाँड्दै जान्थ्यो अर्कोले सलाई कोरेर लगाउँथ्यो । यसरी एक पटकमा जति सुकै सिकरेट खर्च भए पनि सलाईको एउटै काँटीबाट काम चलिरहेको हुन्थ्यो । अलि पछिबाट पाँच छ जनाले छोडेको धुवाको मुस्लोले मलाई मण्ड-लाकार भुवरीमा पारेर बसको छतमा टक्कराउन पुग्थ्यो, अनि फैलिदै अलि अलि गरेर झ्यालबाट बाहिर निस्कन्थ्यो । म अतास्सिएर के गरूं कसो गरूं हुन्थें । सीट छोडेर जाउँ भने कता जाउँ ? सीधा भएर उभिन त पाइदैन बस्न कहाँ पाउने ? भनुं भने कस्लाई भनुं ? अरू कोही बोलीमा साथ दिने मान्छे भए पो बोल्ने ? एकजना बोलेर दश जवाफ आए के गर्ने ! बोलीको पो कदर हुन्छ, नियम त कहाँ बोल्छ र ? "धुम्रपान बर्जित छ" लेखिएसंग कस्लाइ के वास्ता ? त्यो त लिखित पो ..., चलन चल्तीको लागि कहाँ हो र ? त्यसैले एक्लै बोलेर म एकलव्य हुन चाहिन । जति सक्यो सहेरै बसें । साथै उनीहरूबाट देश विदेशका कुरा र सिद्धान्त प्रतिपादन-का कुरा सुनें । त्यहाँ पञ्च, काँग्रेस, कम्युनिष्ट सबै रहेछन् । कसैले मार्क्स र लेनिनलाई अघि सारे, कसैले माओको गुणगान गरे, कसैले गान्धीको सिद्धान्त बारे चर्चा गरे, कसैले पञ्चायतका प्रवर्तक श्री ५ महेन्द्रको जय गान गरे । तर ती कुनै पनि चर्चाकारको बोलीमा एक अर्कालाई मोड्न सक्ने चुम्बकीय शक्ति थिएन । अर्थात सोचाई गहीरो थिएन । जस्को कुरा सुनेर

हृदय पग्लियोस्, विचार बदलियोस् । सबैले कुनै एक प्रतिपादकको आड लिएर मूढेवलमा अर्कोलाई लात मार्थे, तर सिकरेट निकालेपछि सबैको ध्यान त्यसैमा केन्द्रित हुन्थ्यो, सबै एक हुन्थे । तो सबैलाई देखेर मलाई घृणा लाग्यो । मनमनै भने–"गधा मोराहरू"! आफूले के गर्दा र के भन्दा अर्कोलाई के असर पर्छ ! आफूले के खाँदा शरीरलाई विगार गर्छ ! यति जान्न र बुझ्न नसक्नेले पनि सिद्धान्तको कुरा गर्ने ? र गुड्डी हाँक्ने ?"

त्यो कच्ची बाटो, त्यो धुलो, त्यो गर्मी, त्यो भीड, र त्यो मण्डलाकार धुंवाले म उकुश मुकुश भै रहेको थिएं । मलाई स्वाँस फेर्न पनि अप्ठ्यारो भै रहेको थियो । अगाडि पछाडि कसैले पेटमा भएको अन्नपानी ओकल्दै थिए, मलाई पनि वाक्वाकी लागि रहेको थियो । येनकेन सहेरै बसेको थिएं । यस्तै अवस्थामा अर्गलीबाट रिडी बजार देखियो । म खुसीले रमाएं ।

–वलेटक्सार गुल्मी

स्पेनिस कविता

फेदरिको गारथिया लारेका

(ई० स० १८९९–ई० स० १९३६)

–फेदरिको

यदि म मरी हालें भने पनि
त्यो ख्याल उधारी नै राख्नु
शिशुको मुखमा सुन्तला भएको
(ख्यालबाट मैले देख्न पाउनै पर्छ)
जाँतोमा गहुँ पिस्दै गरेको बूढो
(ख्यालबाट मैले ध्वाईं–ध्वाईं सुन्न पाउनै पर्छ)
यदि म मरी हालें भने पनि
त्यो ख्याल उधारी नै राख्नु

अनु– यज्ञपी शर्मा मैतीदेवी

केही टुक्राहरू

–तिर्थराज अधिकारी

आँसु

विछोडमा आँसु र मिलनमा पनि
आँसुकै वर्षा हुन्छ,
यो दर्दमा । हर्षमा दुवै वेला पग्लिन्छ
आँसु उस्तै देखिए पनि
मनको भाव र अर्थमा फरक छ
यो रूँदा हाँस्दा दुवै वेला आँखावाट झर्छ ।

हाँसो

हुन त हाँसो पनि आउँछ मौकामा हाँस्नुपर्छ
हाँस्दा पनि मौका नै विचार्नुपर्छ
कसैको परिस्थिति विग्रिएको वेला हाँसिदिने हो भने
त्यही हाँसोले घाउमा नून, चूक बनेर चहक्याउँछ ।

शान्ति

धेरै पुकारेर शब्दमै कोलाहल छ
मलम कहाँ लाग्न सकेको छ र घाउमा
ज्वारभाटा मनमा छुटेकै छ
निरन्तर बस्तीमा ज्वालामुखी फुटेकै छ ।

संस्मरण

आमावास्याको रात, पिंटुको जगजगी

–डा. मथुरा के. सी.

सन् १९७१, जुलाई महीनाको आमावास्याको रात, ढाका विश्वविद्यालय अन्तर्राष्ट्रिय छात्रावासको कौसीमा दुईटा कुर्सीहरू बाहिर ल्याएर चियाको सुरमा पिन्टु र म कुराकानी गरिरहेका थियौं। अघिल्तिर विश्वविद्यालय प्रांगण र बगैंचाहरू, बिजुली बत्तीको प्रकाशमा अनि सुन्दर अनि रमणीय लाग्थ्यो तर एक्कासी बिजुली गयो अनि सारा शहरलाई अन्धकारले ढाक्यो।

म त सानै देखि गाउँ पाखामा हुकिएको हुँदा यस घटनाले त्यति अन्तर ल्याएन, बरु गाउँका औंसीका रातहरू कल्पना गर्न थाले। अनि यस्तै कालो अन्धकारमा सानो छँदा ४–५ जना संगी संगातीहरू मिली, जिम्माल कान्छाको घरमा काक्रा चोर्न गएको कुकुरले लखेटी भागेको अनि अर्को दिन बुबाले थाहा पाएपछि, मेरो गालामा चडकनहरू हानी, अब फेरी यस्तो बदमासी गर्छस् गर्दैनस् ? भनी कबल्याउदा 'अब कहिल्यै गर्दिन' भन्ने प्रण गरेका कुराहरू याद आए। हुन पनि त्यसबेला देखिनै म सुध्रिएर गए पनि।

तर पिन्टु १८ वर्षको लक्का जवान छ धनि परिवारमा, आफ्नो हजूर बुबा, हजूर मुमा, बाबु र आमाको स्याहार र स्नेह पाएर हुकिएको ठिटो। तर उ हाल विश्वविद्यालयको क्याम्पस भित्रै सानो कोठामा केवल आफ्नी, विधवी हजूर मुमा, आमा, अनि नोकरीबाट वर्खास्त बाबुसित, संघर्षपूर्ण जीवन बिताई रहेको छ। विश्वविद्यालयमा उस्ले, विद्युत टेक्निसियनको अस्थायी नोकरी लिएको छ। फुर्सदमा उ सुती धागो सप्लाई गर्ने काम गर्छ। उनकी आमा (तलत पविन) ले रेडियो पाकिस्तानको नेपाली कार्यक्रममा उद्घोषकको काम गर्छिन्। बाल्यावस्थामा दार्जिलिङ्गमा ६–७ कक्षासम्म नेपाली माध्यममै अध्ययन गरेकीले, साधारण नेपाली बोल्न र लेख्न आउँछ उनलाई।

उस्लाई यो आकस्मिक अन्धकारमय वातावरण मन परेन। उ छटपटियो, घरि बस्थ्यो घरि उठथ्यो घरि यता उती हिड्ने गर्थ्यो। "मलाई यस किसिमको अन्धकार कत्ति मन पर्दैन, मन छटपट हुन्छ, भित्रबाट एक किसिमको डर, भय र संत्रास, अनि शंका उप

मिश्रित परिवारले । रियाज खातुन नेपाली उत्पत्तिका महिलाको रूपमा चिनिएकी थिइन । वरिपरी । यसका साथै उनी मुस्लीम संस्कृति संग पनि भिजी सकेकी थिइन् । दैनिक रहन सहन, र व्यवहार मुस्लीमहरूको जस्तै थियो । उनी दिनमा ५ पटक नवाज पढथिन, गाईको मासु भिल्याउँथिन, खान्थिन र काटमार गर्दा हलाल नै गरिनु पर्दथ्यो । इन्जिनियर साहेब पनि श्रीमती रियाज खातुनको व्यवहार देखि अति सन्तुष्ठ थिए र अति माया गर्थे ।

नेपाली उद्भवको यो मिश्रित परिवारलाई मैले शेख मैमुन साहेब अपरेशनको लागि ढाका मेडिकल कलेजमा भर्ना हुँदा चिनेको थिएँ र उनकी श्रीमती नेपाली रगतको नाताले होला मलाई खुब माया गर्थिन डा. रामेश बाबु भन्थिन् । उनका छोरा छोरीहरूले पनि मलाई रमेश अङ्कल भन्थे । यसरी मेरो पूर्वी पाकिस्तानमा दिन बिती रहेको थियो । उता बङ्गलादेशमा ८ करोड बङ्गलादेशी जनताका जनप्रिय नेता, बंगबन्धु शेख मुजिबर रहमानले स्वाधीन बङ्गलादेशको घोषणा गरिसकेका थिए । शेख मुजिब पश्चिम पाकिस्तानको जेलमा हुलिए । देशभरी सैनिक शासन (मार्शल–ल) लागू थियो । पाकिस्तानी आधिपत्यवादी सैनिक शासकहरूको विरुद्ध, देशभरी संघर्ष जारी थियो । मुक्ति योद्धाहरू, भारत, बङ्गलादेश सिमानामा आफ्नो जीवन बलिदान दिन तत्पर थिए संघर्ष गरिरहेका थिए । गाउँ–गाउँ तथा शहर शहरमा बिहारी र बङ्गाली समुदायहरू बीच जातीय दङ्गा फसादहरू भई रहन्थे । बङ्गालीहरू बिहारीहरूको बाहुल्य भएको क्षेत्रबाट पार हुन डराउथे भने बिहारीहरू, बङ्गालीहरूको आधिक्य भएको क्षेत्रबाट छिर्न सक्दैनथे । म आफै नेपाली भए पनि हेर्दा बङ्गाली जस्तो देखिने भएकोले, बिहारीहरूको संख्या बढी भएको क्षेत्र तिरबाट पार हुँदा राहदानी बोकी नेपाली ढाका टोपी लगाउने गर्थे ।

गफको सिलसिलामा, पिटु भन्दै गयो– "अंकल रमेश । यस्तो भय र आतङ्कको वातावरणमा हामी के गरौं कता जाऔं भइरहेको बेला, पाकिस्तानी (बिहारी) सैनिकहरूको एक टुकडीले घर नजीकैको सडकमा मार्च गरेको आवाज हाम्रो कानमा पऱ्यो उनीहरू बीच बीचमा मशिनगन फायर गर्थे र "खबरदार । आफ्नो घरबाट बाहिर कोही ननिस्केला, नत्र गोली हानिने छ" भनी लाउड स्पीकरद्वारा फुक्थे यस घोषणाले हामी झन भयभीत एवं त्रसित भयौं र परिवारका सबै सदस्यहरू भेला भई एउटै कोठामा जम्मा भयौं । राती १–२ बजेतिर ६–७ जना सैनिकहरू हाम्रो ढोका घच्घच्याउन आइपुगे । हजुर बुबाले ढोका खोल्नु भयो । रोक्दा रोक्दै पनि उनीहरू जबरजस्ती हाम्रो घर भित्र पसे । घरमा जो छन्, सबै यहाँ आइ उभिने आदेश दिए । हामी डरले सबै उभियौं । (शैख मैयुन साहेब) हजुर बुबा वरिष्ठ ईन्जिनियर हुनुहुन्थ्यो र बङ्गलादेशी राजनीतिमा पनि भित्र भित्र सक्रिय हुनुहुन्थ्यो ।" यो ईन्जिनियर बंगाली बुद्धिजीबी मुक्ति बाहिनीको दलाल हो ।" भनी निर्दयता साथ पिट्न थाले । हामी सबै रोयौं करायौं, हजुर मुमाले ती रक्त पिपासुहरूको खुट्टा समात्न समेत बाँकी राख्नु भएन तर बाथरूम लगी गोली प्रहार गरी, छिया छिया गरी मारे । हर हजुर

बुवा आखिर सास सम्म पनि– 'जय बाँग्ला ! बंगलादेशको सुनौला धर्ती ! तिमी अवश्य स्वतन्त्र हुनेछौ' भन्दै हुतुहुन्थ्यो ।

यसै बीच, मेरा दुई बहिनीहरू मेफाली र गुलबानुलाई पनि हात पात गरी जबरजस्ती ट्रकमा हाली हामीसंग अलग्ग गरी लगे । यसरी यी रक्त पिपासुहरू अबला नारीहरूको बलात्कार गर्छन भन्ने त अगाडि पनि धेरै सुनेको थिएँ । त्यस कालो रातपछि, उनीहरूको लाशसम्म फेला परेन । शायद बलात्कार गरी कहीं जंगलतिर दफनाई दिएको हुनु पर्दछ । यस्ता शहीद बिरांगनाहरूको संख्या हजारौं पुगी सकेको छ । हामी सबै बाँचेका पनि त्यो देखेर बेहोश भयौं । त्यस कालो रातको त्यस निर्मम घटना पश्चात आमावास्याको रातमा बत्ती गयो भने यी सबै एक एक घटनाहरू मेरो आँखामा झल झली नाच्न थाल्छन् त्यस्तै पिपासुहरू कतैबाट आउँछन् कि भनेर ।

★★★

'कविता'

–राजनप्रसाद तिमिल्सिना

'मध्य रातमा कोल्टे फेर्दा'
सपनाका ती विविध कोलाहल दृश्यहरू
अन्यौलमा अताल्लिएको मान्छे झैं
नयन वरीपरी चुम्बन गर्न आइपुग्दछन्,
अन्धकार !
प्रकाश विहीन त्यो रातमा
चित्कारपूर्ण भविष्य बोकेर आईदिन्छ,
कतै भावनामा बहकिएको मान्छेझैं
म आँखा मिच्दै एकोहोरिन थाल्दछु
समानता, शान्ति र मानवता तिर
साथै
अस्तित्व विहीन जिन्दगीको गोरेटोमा
शुभकामना कार्ड बोकेर कतै सम्वेदना दिन जान्छु,
दुई थोपा आँसु लिएर दोबाटो ढुक्न पुग्छु
भोकमरीको चपेटामा पिलिएर
यमलोक दर्शन गर्न दौडेका ती अनशनेहरू
विलासको कुर्सीबाट च्याइरहेका ती भूडीवालाहरू
धनी र गरीबको दूरतामा समानताको खबर सुन्छु
यौवनको छिपछिपेमा ज्याला चुहाउनेहरू
बलात्कारको हतियार भिरेर हत्याको पथमा
दमन र विरोधको अन्तरालमा
जिन्दावाद र मूर्दाबादका मधूर नाराहरू
जुलुस, प्रदर्शन र आमसभाका रूपमा चिच्याइन्छन्,
गुट, फुट र शीत युद्धका विगविगीमा
शान्तिका मीठा स्वरहरूले कर्णपर्दा ढक्ढक्याइन्छ,
कल्पनामा कुस्ती खेल्ने मस्तिष्क
पीडा र क्रीडाले छटपटिन थाल्दछ,
बढिरहेको मुटुको ढुकढुकीले
कोल्टे फेर्न बाध्य बनाउँछ
कतै "चुप" शब्दले कान ठाडो हुन्छ
कसैले अस्तित्वमा चुनौती दिए जस्तो लाग्छ !

महाराजगञ्ज

सुपरसोनिक यातायात एक नयाँ युग

—रामचन्द्र बस्नेत

एकाइसौं शताब्दीको प्रथम दशकमा अन्तर्राष्ट्रिय वायु उड्डयनमा आजको स्तरमा व्यापक विस्तार हुनेछ भनी आशा गरिएको छ । यस शताब्दीको अन्त तिर प्रत्येक दिन ३,१५,००० यात्रुहरू अन्तर महादेशीय उड्डयनमा ४,६०० कि. मी. दुरी तय गर्नेछन् । संयुक्त राज्य अमेरिकाको अन्तरिक्ष संस्था "नासा" को अध्ययन अनुसार सुपरसोनिक यातायातको नयाँ पुस्ताले यस्ता बजारहरूमा महत्वपूर्ण भूमिका निभाउने छ । आर्थिक रूपमा ब्रिटिश फ्रेञ्च कंकर्ड अर्थात विश्वका एकमात्र सुपरसोनिक बायुयानहरू भन्दा यस्ता आश्चर्यजनक वायुयानहरूबाट दुई गुना उडानमा र तीन गुना यात्रीहरूलाई ल्याउन लैजान सक्नेछ । यस्तो प्रविधिको विकासबाट प्राविधिक रूपमा संभाव्य वातावरणीय रूपमा स्वीकार्य र आर्थिक रूपमा आकर्षक हुनेछ ।

ई. सं. १९७० तिर संयुक्त राज्य अमेरिकाले महत्वाकांक्षी सुपरसोनिक यातायात कार्यक्रम सबसोनिक वायुयान भन्दा बढी खर्चिलो मानेर त्याग गरेको थियो ।

मुख्यतः वायुयानको आकार र बाहिरी आवरणमा वस्तुहरूको मिश्रणको प्रयोग कसरी गर्ने भन्ने विषयमा अनुसन्धान गर्नु परेको छ । विभिन्न वस्तुहरूको मिश्रणबाट अर्थात मजबूत पारिएको प्लाष्टिक र धात्विक रेस्साहरूको मिश्रणयुक्त वस्तु जो स्टील भन्दा बलियो र हलुको हुन्छ । यस्ता हलुका तौल भएका वस्तुहरू विना लामो दुरीको सुपरसोनिक यातायात कार्यक्रम संभव हुँदैन प्राविधिक रूपमा आज मिश्रणयुक्त वस्तुहरूबाट वायुयान बनाउन सकिएको छैन जो नभै हुँदैन ।

ध्वनी भन्दा छिटो उडाईबाट उत्पादित आवाज घटाउनु नै मुख्य चुनौती छ । सोनिक ध्वनी वायुयान को गति उचाई, तौल र आकारमा भर पर्दछ । यिनै अवयवहरूमा आवश्यकतानुसार आउने आवाजलाई घटाउने पक्षमा वैज्ञानिकहरू लागेका छन । जसबाट वातावरणीय रूपमा उपयुक्त हुनेछ । वायुमण्डलीय प्रभाव घटाउनको लागि अत्याधुनिक वायुयानको यन्त्र ढाँचाको आवश्यकता हुनेछ । जसले निर्गत वस्तुहरूको नियन्त्रण गर्न इन्धनको जलनलाई व्यवस्थित गर्नेछ । यदि यी यान्त्रिक अवरोधहरू हटाउन सकिएको खण्डमा वायुयान निर्माताहरूलाई आर्थिक रूपमा फाइदा हुन जाने भई विश्वास दिलाउन सकिने छ । कंकर्ड वायुयानको तुलनामा २४७ आसनहरू

समायोजित गर्न र सात खण्ड कम भाडामा प्रति त्यतिलाई उडान गर्न सकिने छ । एकाइसौं शताब्दी-को पहिलो दशकमा त्यस्ता वायुयानहरू बजारमा उपलब्ध हुनेछन् । त्यस समयमा विश्वको मुख्य वायु सेवा निगमहरूले सबसोनिक यानको स्थानला यिनी-हरूबाट विस्थापित गर्नेछन् । र त्यस समयको बजारको आवश्यकताको चुनौती पुरा गर्न ८००–१००० वायुयानहरूको आवश्यकता हुनेछ । 'नासा' र यससंग सम्बन्धित विशेषज्ञहरू विद्यमान प्रविधिको मूल्याङ्कन गर्दै जाने छन ताकि यस्ता उद्योगहरूको विकास गर्न अझ ज्ञानको आवश्यकता हुनेछ ।

स्रोतः– भ्वाइस

श्री ५ महाराजाधिराज सरकारको
४४ औं शुभ जन्मोत्सवको पुनीत उपलक्षमा
मौसूफ सरकारको सुख, समृद्धि, सुस्वास्थ्य
तथा दीर्घायुको निमित्त सभक्ति
हार्दिक शुभकामना
चढाउँदछु ।

हरिबहादुर थापा
रा. प. स. पाल्पा

श्री ५ महाराजाधिराज सरकारको
४४ औं शुभ जन्मोत्सवको पुनीत उपलक्षमा
मौसूफको गाथमा सुस्वास्थ्य
एवं चिरायुको कामना
टक्याउँदछु ।

गंभीर जंग कार्की
रा. प. स. पाल्पा

श्री ५ महाराजाधिराज सरकारको
४४ औं शुभ जन्मोत्सवको पुनीत
उपलक्षमा मौसूफको
गाथमा सुस्वास्थ्यको लागि
हार्दिक शुभकामना
टक्याउँदछु ।

तिलकबहादुर कार्की
पूर्ण ज्योति गार्मेन्टस
बर्त्तस पुतली

(८ पेजको बाँकी)

गर्थे। जब उसका बाबु जागीरमा जान्थे तब उ बाबुको पछिपछि लाग्थी। उसका बाबुले उसलाई फकाई फुलाई घरैमा फर्काउँथे। बाबु घरबाट हिंडेपछि देखुन जेसम्म उ आँखाभरी आंसु पारेर हेरिरहन्थी, जब देखन छाड्थीं, तब उ हुंक्क हुंक्क रुन थाल्थी।

आमा एक्कासि आएर शान्तिलाई पिटथिन्। "हेर अलछिना रुन थालेकी! यस डंकिनीले हामी सबैलाई खाने भई।" उनले एउटी छोरीलाई त्यसरी हेला गरेर मरणासन्न अवस्थामा नपुगुन्जेल पिटेको देखेपछि मेरो चित्त कटक्क काटिन्थ्यो। म अन्तिममा केही नलागेपछि उनलाई सम्झाउँदै भन्थे "भाउजू! आखिर यो शान्ति पनि त तपाइकै छोरी हो। यसलाई त्यसरी नपिट्नुस, यो सारै कमजोर भैसकेकी छ, कुन दिन भुतुक्क हुन्छे। एउटी आमाले छोरीलाई यसरी हेला गर्नु त राम्रो होइन भाउजू।" म बोली सक्न नपाउदै उनी शान्तिलाई ठाडो हात पार्दै चर्कन्थिन् "तपाईलाई शान्तिको के मतलब बाबु! यो अलछिनी कम्तिकी छ। यसको कुरै नगर्नुहोस, यसले एउटा भाईलाई पनि देखिसहन्न। दाजुलाई अघि लगाई सकी। अब यसलाई पनि कुन दिन खाने हो। जब यो जन्मी, ठूलो छोरोपनि खस्यो, बुबाको बढुवा पनि रोकियो। तर सानो छोरो जन्मिएपछि बुबाको बढुवा भयो।" म उनको कुरो सुनेर केही भन्न सकिन तरपनि शान्तिप्रतिको उनको त्यस्तो तुच्छ धारणा देखेर मलाई ज्यादै रिस उठ्यो र मैले मुख थाम्न नसकेर भनें– 'भाउजू! छोरी भनेको तपाईहरूका लागि यमराज हुन्, उनले तपाईहरूको सत्यानाश गर्छन् भने त्यस्ती छोरी जन्माउने आमा तपाई चाहिं को त?" मेरो भनाई सुनेर उनी झन रिसाउन थालिन्।

आज प्रत्येक समाजमा छोरीलाई शत्रु सम्झने त शान्तिका आमा जस्ता कैयौं आमाहरू नै छन्। बरू समाजमा छोरीलाई पुरुषले पूजा गर्दछन्, तर नारीलाई नारीले नै समाजमा लाछी तुल्याउछन् र हत्या पनि गराउन पछि पर्दैनन्। शान्तिलाई उसकी आमाले त्यस्तै तुल्याएकी थिइन्। शान्ति ज्यादै दुब्लाएकी थिई। उ जन्मेको तीन वर्षपछि उसको दाजु मरेको थियो। त्यसैले उसलाई उसकी आमाले राक्षेसनी भनेर नाम राखिथन्। शान्ति वास्तवमा सात वर्षकी एउटी अबोध बालिका थिई। आमा र भाईको चर्को पीडा खप्न नसकेर उ ज्यादै क्षीण अवस्थामा पुगेकी थिइ। संधैको पीडा र थप्पडले गर्दा उ बिरामी पर्न थालेकी थिई।

एकदिन बिहानै भाउजू कहालिदै मलाई बोलाउन आइपुगिन्। शान्ति सिकिस्त बिरामी भइछ। म शान्तिको छेउ पुगें। शान्ति मलाई खोज्दै 'सानो काका, सानो काका' भनी कराइरहेकी रहिछ। मलाई देखेर उसले आँखाबाट वररर आँसुका ढिक्का झारी भाउजू अंध्यारो मुख लगाएकी थिइन्। शान्तिलाई काखमा राखेर उनी रुदै थिइन्। शान्तिको हालत झन् झन् गम्भीर हुँदै गयो। एकदिन उ निस्प्राण भएर लडी। मैले मनमनै सोचे "भाउजूको ठूलो छोरो त शान्तिले खाई भने शान्तिलाई चाहिं कसले खायो? म केही गर्न सकिन, खाली टोलाई रहें मात्र।

★★★

(४ पेजको बाँकी)

जब तपाई व्यापार मैं हुनु हुन्थ्यो त व्यापार कै कुरा सोच्नुस् फूलहरूको बारेमा होइन– मेयरले भन्यो ।

त्यो समयका ती कुराहरू नसोचेर हामीहरू बूढो हुँदै गइरहेका छौं । हामी साधारण अल्छी जोडी भयौं सर । जेभएपनि पछि गएर सबै कुराहरू राम्रो हुँदै गयो । अनि हामीलाई भविष्यको बारेमा कुनै चिन्ता भएन । अहिले मलाई के भयो मलाई थाहा छैन । मलाई साच्चै थाहा छैन, सर ।

मैले अहिले फेरि स्कूल गर्न जस्तै दिवास्वप्न देख्न लागेकी छु । जब मैले फूलका गुच्छाहरू सडकमा देखे अनि कराएं । भाइलेट नामको फूलको बास्नाले मेरो मुटुलाई छोयो । म उठें डोकामा गएं, घरहरू माथिको निलो आकाशलाई हेरें । आकाश पनि एउटा नदी जस्तै देखिन्थ्यो, खाली आकाशमा गौथलीहरू उडिरहेका थिए नदीमा माछाहरू पौडी खेलिरहेका थिए ।

श्रीमती बियोरियनले भावुक भएर अगाडि भनीन् सोचें; विचारें बीस वर्षको उमेरमा कुनै आइमाईलाई चुम्बन गरेको जस्तै गरेर जङ्गललाई पनि गर्न गर्दथें । मैले सोचें, जस्लाई म प्यार गर्छु उसंग कुनै रूखमुनी पल्टीदा कति आनन्ददायी हुन्थ्यो होला । सधैं जसो दिनरात मैले यस बारेमा सोचिरहे । मैले सपना देखें कि पानी भित्रको चन्द्रमालाई पानी तलसम्म गएर खोजिरहें । पछि मैले थाहा पाएं कि श्रीमान बियोरियन मलाई देखेर हाँसिरहनु भएको थियो ।

मैले उहाँलाई भनें कि– पहिलो पल्ट हामीले यहीं ठाउँमा भेटेका थियौं र अहिले पनि एक छिन यहीं आराम गरौं । उहाँले यो कुरा मन्जुर गर्नु भयो । मेरो मनमा के कुरा थियो भन्ने उहाँलाई थाहा थिएन । विहान नौ बजे हामी त्यहाँ थियौं ।

हाम्रो मन कहिल्यै बूढो हुँदैन । अहिले पनि म मेरो श्रीमानलाई जवान नै देख्छु । त्यहाँ मैले रक्सी पीएर उहाँलाई चुम्बन गर्न शुरू गरें । उहाँले भनिरहनु भएको थियो– तिमी किन यत्ति उत्सुक छयौ विहानै ! तिमीलाई के भएको छ ? मैले केही सुनीन। मैले मेरो मुटुको ढुकढुकी मात्र सुनें । मैले उहाँलाई जङ्गलतिर लगें त्यसपछि के भयो ... ...! तर ... . तर ... त्यहाँ तपाई हुनुहुदो रहेछ सर । मैले तपाईलाई पूरा सत्य कुरा भनेकी छु सर ।

मेयर उसको विचारमा सहमती भयो । उ मुस्कुराएर उठ्दै भन्यो– "म्याडम ! शान्त ठाउँमा जानु तर जङ्गलमा नजानु ।"

अनु. लक्ष्मी पन्त

****

श्री ५ महाराजाधिराज सरकारको

४४ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा

मौसूफको गाथमा सुस्वास्थ्य

एवं चिरायुको कामना

टक्याउँदछु ।

भुवन कुमार श्रेष्ठ
स्टार केबिन सेक्टर
सुनवल चौराहा, नवलपरासी

****

विच्छिप्त मन

–महेन्द्र पौड्याल

सगरमाथाले आकाश छुने रहर गरे जस्तै
जिन्दगी हिटलरको चाहना भो,
हिरोसिमाको वायुमण्डल जस्तै
जिन्दगी बारुदको गन्ध भो,
खै कसरी संहालु !
आफ्ना यी अनुभूतिहरू–
एउटा सानै कुरामा पनि'
मन घायल हुदो रहेछ,
कतै कहीं केही हराए जस्तै–
एउटा अभावमा जिन्दगी पाईरहेछु ।
ज्वालामा आफूले आफैलाई जलाउदै,
होमन कुण्डमा अर्पित समीधा तरह,
भष्म भईरहेछु ।

रामपुर, पाल्पा

दुई मुक्तक

–अजम्बर काङमाङ्ग

कुर्सी

कुर्सी इतर हुदा उसको
सुरुवालको मोटाइभन्दा लम्बाई लामो थियो,
कुर्सी भितर भएपछि
क्रमशः लम्बाइभन्दा मोटाई लामो हुदै गयोः
यसै कारण उसको अब
कुर्सी इतर कहिल्यै नहुने भयो ।

साइनो

अविवाहिता मन्त्री ज्वाई हुनुअघि
तिनीहरू मलाई 'तिमी' भन्थे
अविवाहिता मन्त्री ज्वाई भएपछि
'तिमी' भन्नेहरूले 'तपाई' भन्न थाले
'तपाई' भन्नेहरूले 'हजूर' भनिहाले ।

चारघरे भोजपुर

****

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम
शाहदेव सरकारको ४४ औं शुभ–
जन्मोत्सवको उपलक्ष्यमा मौसूफ
सरकारको दीर्घायुको लागि
मङ्गलमय शुभ कामना
चढाउँदछौं ।

पाल्पा जिल्ला पंचायत

परिवार

****

श्री ५ महाराजाधिराज सरकारको
४४ औं शुभ जन्मोत्सवको पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको सुख, समृद्धि, सुस्वास्थ्य
तथा दीर्घायुको निमित्त सभक्ति
हार्दिक शुभकामना
चढाउँदछौं ।

काठमाडौं नगर पंचायत

परिवार

****